जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक १८९ • २०७९ साल मंसिर १८ गते आइतबार (4 December, Sunday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

### प्रचण्ड बाम गठबन्धनतर्फ अग्रसर

# एमालेको सहयोगमा सरकार बन्ने सम्भावना

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री तथा पाँच दलीय गठबन्धनका नेतृत्वकर्ता शेरवहादुर देउवाले सभामुखदेखि प्रदेशका राज्यमन्त्रीसम्म प्याकेजमा गृहकार्य गर्न निर्देशन दिए लगतै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकार निर्माणको सबै विकल्प खुल्ला रहेको बताएका छन् ।

शनिवार देखि पार्टी कार्यालय पेरिसडाडामा शुरु भएको पदाधिकारी बैठकमा उनले सरकार निर्माणको सबै विकल्प खुल्ला रहेको बताए । पदाधिकारी बैठकमा कांग्रेसको मत ट्रान्सफर हुन नसक्दा सोचे जस्तो मतपरिणाम नआएको गुनासो गर्दै अध्यक्ष प्रचण्डले माओवादी केन्द्रलाई प्रधानमन्त्री नदिए एमालेसंगको कुराकानी अगाडि बढाउने समेत बताएको एक नेताले जानकारी दिए ।

निर्वाचन मत परिणाम बाहिर आएपछि नेकपा एमालेका अध्यक्ष केपी ओलीले प्रचण्डलाई फोन गरेर बधाई दिँदै बाम गठबन्धन बनाएर सरकार बनाउन सुझाएका थिए । प्रचण्ड एमालेसंग मिलेर सरकार बनाउन उनलाई जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले पनि सघाउने भएका छन् । प्रचण्डलाई बाम गठबन्धन बनाउन यादवलेसमेत दबाब दिई रहेका छन् । तर, प्रचण्डले एमालेसंगको कुराकानी मिडियामा ल्याएका कारण एमाले प्रचण्ड संग रुष्ट छ तर विकल्प भने खुलानै राखेको छ ।

गत बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा समेत गठबन्धनलाई कांग्रेसले धोका दिएको प्रचण्डले प्रतिक्रिया दिएका थिए । कांग्रेसले गठबन्धन पनि गर्ने र स्वतन्त्र उम्मेदवार पनि उठाउने भएकाले कांग्रेसले अन्य पार्टीको मत लिने तर, आफ्नो मत नदिने भएका कारण गठबन्धन धरापमा पर्दै गएको छ ।

> **एमाले गठबन्धनमा गएर प्रचण्डले सरकार बनाए एकीकृत समाजवादी पार्टी वा जनमत पार्टीलाई विकल्पको रुपमा प्रचण्डले राखेका छन् । नेकपा एमाले, जनता समाजवादी पार्टी, राप्रपा नेपाल, माओवादी केन्द्र र जनमत पार्टी वा नेकपा एस मिलाएर सरकार बनाउने सिट पुग्ने भएकाले प्रचण्डले देउवा संगै विभिन्न दलहरु संग छलफललाई तीव्रता दिएका छन् ।**

प्रचण्डले पदाधिकारी बैठकमा ३०/३५ सिट प्रत्यक्षमा अपेक्षा गरे पनि अपेक्षित सिट आउन नसक्नुमा कांग्रेस मुख्य दोषी रहेको निश्कर्ष निकालेका छन् । 'मत ट्रान्सफर पनि नगर्ने, प्रधानमन्त्री पनि कांग्रेसलेनै लिने देउवाका रणनीति रहेको प्रति सचेत हुनु जरुरी रहेको छ' उनले भने-' हामी सरकार बनाउनकालागि सवै विकल्प खुला राखेका छौं ।'

प्रचण्डले शुक्रवार जनमत पार्टीका अध्यक्ष सीके राउत संगको कुराकानीमा सहकार्य गरी अगाडि बढ्न आग्रह गरेका थिए । उनले राउतलाई पनि सरकारमा सहभागी हुन सुझाएका थिए । तर, कुन गठबन्धनवाट त्यो भने स्पष्ट पारेका थिएन् । स्रोतका अनुसार प्रचण्डले पहिलो प्राथमिकतामा पाँच दलीय गठबन्धनलाईनै राखेका छन् तर, सरकार भने माओवादी केन्द्रको नेतृत्वमा बन्नुपर्ने अडानमा रहेका छन् । एमाले गठबन्धनमा गएर प्रचण्डले सरकार बनाए एकीकृत समाजवादी पार्टी वा जनमत पार्टीलाई विकल्पको रुपमा प्रचण्डले राखेका छन् । नेकपा एमाले, जनता समाजवादी पार्टी, राप्रपा नेपाल, माओवादी केन्द्र र जनमत पार्टी वा नेकपा एस मिलाएर सरकार बनाउने सिट पुग्ने भएकाले प्रचण्डले देउवा संगै विभिन्न दलहरु संग छलफललाई तीव्रता दिएका छन् ।

### संघमा अपेक्षाकृत सिट आएन

नेकपा (माओवादी केन्द्र)ले मंसिर ४ मा भएको चुनाववाट संघमा अपेक्षाकृत सिट प्राप्त नभएको प्रारम्भिक समीक्षा गरेको छ ।

शनिबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको पार्टी पदाधिकारी बैठकले अपेक्षा गरेअनुसार सिट हासिल नभएको निश्कर्ष माओवादी केन्द्रले निकालेको हो ।

बैठकपछि पार्टी उपाध्यक्ष कृष्णबहादुर महराले भने, 'निर्वाचनको प्रारम्भिक समीक्षा गरियो । अपेक्षा गरिएअनुसार हामीले संघमा सिट हासिल गर्न सकिएन भन्ने समीक्षा भयो । समग्रमा चुनावको सबै परिणाम आएपछि मात्रै पूर्ण समीक्षा गर्ने कुरा गरियो ।'

माओवादी केन्द्रले सोमबार अपरान्ह २ बजे बस्ने गरी पदाधिकारी बैठक बोलाएको छ । उक्त बैठकमा आगामी रणनीतिका बारेमा विस्तृतमा छलफल गर्ने महासचिव देवप्रसाद गुरुङले बताए ।

## आवश्यकता

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर हस्पिटल का लागि देहाय बमोजिमको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक तथा योग्य व्यक्तिहरुले सात दिन भित्रमा आवेदन दिनहुन अनुरोध गरिन्छ ।




| सि.नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| (i) | BMLT | १ जना | Lab को लागि |
| (ii) | Lab Technician | २ जना | |
| (iii) | PBN/BSN/PCL Nursing | ४ जना | ICU को लागि |
| (iv) | PBN/BSN/PCL Nursing | ४ जना | NICU को लागि |
| (v) | HA | ४ जना | ER को लागि |
| (vi) | Accountant | १ जना | |

**अनुभव**:- सम्बन्धित क्षेत्रमा कम्तीमा दुई वर्ष काम गरेको ।
**सेवा सुविधा**:- आपसी सम्झौता अनुसार

**कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर हस्पिटल**
जनकपुरधाम-९ ब्रम्हपुरी
सम्पर्क नं. ९८०१६६६५२१, ९८०१६६६५१९, ०४१-५९१०९२
Email ID:- kmtrcjnk@gmail.com, A.deven1436@outlook.com








दलित सरोकार मञ्चले कन्चन रुप ११ मा आगो पीडित अर्जुन मण्डलको परिवारलाइ चामल, ब्लायकेट, चिनी दुध अन्य समान हरु राहत स्वरुप सहयोग गर्दै। *तस्विर : टुडे*

# दमकमा फोहरबाट ग्यास उत्पादन, पाइपलाइन नहुँदा वितरण हुन सकेन

गौरादह । झापाको दमकमा फोहरबाट ग्यास उत्पादन भए पनि पाइप लाइन बन्न नसक्दा उपभोक्ताले प्रयोग गर्नबाट बञ्चित भएका छन् ।

दमक नगरपालिका-२ मा नेक्स इरा इनर्जीले फोहर प्रशोधन गरी ग्यास उत्पादन गरेको हो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा निर्मित यो प्लान्टबाट दैनिक ८४ केजी बायोग्यास उत्पादन हुन्छ। रु २० करोड ५८ लाखमा निर्मित प्लान्टमा केन्द्रको रु पाँच करोड ८८ लाख र बाँकी नेक्सट इरा इनर्जीको लगानी छ । प्लान निर्माण भइसकेपछि सञ्चालनका लागि सरकारले सहयोग नगरेको इनर्जीका सञ्चालक युवराज घिमिरेले बताउनुभयो ।

कुहिने र नकुहिने फोहर बेग्ला-बेग्लै सङ्कलन गरेर प्रशोधनका लागि ल्याइने गरेको बताउनुभयो । कुहिने फोहरलाई लेदो बनाएर प्रशोधन गरी ग्यास र प्राङ्गरिक मलका रूपमा प्रयोग गर्न सकिने कम्पनीका अर्का सञ्चालक विमल खतिवडाले बताउनुभयो ।

कम्पनीका प्राविधिक विजय पाण्डेका अनुसार कुहिने फोहर ग्यास बन्नका लागि १४ देखि २१ दिनसम्म लाग्छ ।

दैनिक १० हजार किलो प्राङ्गरिक मल र सात हजार पाँच सय लिटर झोल मल उत्पादन गर्न सक्ने प्लान्टको क्षमता छ । दमक क्षेत्रमा दैनिक १५ टन फोहर सङ्कलन हुने गरेको छ । यो परियोजना विसं २०७६ माघ १० गते सम्झौता भएर काम अघि बढेको थियो । सम्झौताअनुसार २० वर्षपछि यो योजना दमक नगरपालिकाकै मातहतमा आउने छ ।रासस

# समानुपातिकतर्फ एक करोड चार लाख मत गनियो

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिकतर्फको मतगणना जारी छ । निर्वाचन आयोगका अनुसार हालसम्म कूल एक करोड चार लाख १८ हजार आठ सय ३४ मत गणना भएको छ।

हालसम्मको विवरणअनुसार नेकपा (एमाले)ले २७ लाख ८७ हजार सात सय ५९, नेपाली कांग्रेसले २६ लाख ५९ लाख आठ सय ७८, नेकपा (माओवादी केन्द्र)ले ११ लाख ६२ हजार ५१ मत प्राप्त गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख २४ हजार तीन सय ९०, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ८६ हजार पाँच सय ९७, जनता समाजवादी पार्टीले चार लाख २० हजार नौ सय ४६, जनमत पार्टीले तीन लाख ९४ हजार पाँच सय १३ मत प्राप्त गरेको छ । कूल खसेको सदर मतको तीन प्रतिशतभन्दा बढी मत पाउने राजनीतिक दलले राष्ट्रिय दलको मान्यता पाउने कानूनी प्रबन्ध छ।

नेकपा (एकीकृत समाजवादी)ले दुई लाख ९४ हजार तीन सय ५७, नागरिक उन्मुक्ति पार्टीले दुई लाख ७१ हजार छ सय ६१, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख ६७ हजार दुई सय ८१, नेपाल मजदुर किसान पार्टीले ७५ हजार ५६, हाम्रो नेपाली पार्टीले ५५ हजार छ सय १४, मङ्गोल नेशनल अर्गनाइजेशनले ४८ हजार सात सय ८५ र राष्ट्रिय जनमोर्चाले ४६ हजार तीन सय ८१ मत प्राप्त गरेको छ।

आयोगका अनुसार प्रदेश नं १ मा १८ लाख ९९ हजार एक सय ४४ मतगणना भएको छ। एमालेले छ लाख ६५ हजार चार सय ६० मत प्राप्त गरेको छ। कांग्रेसले पाँच लाख ६२ हजार नौ सय ५६, राप्रपाले एक लाख ९८ हजार पाँच सय ११, माओवादीले एक लाख ८१ हजार दुई सय ४५, जनता समाजवादी पार्टीले ६१ हजार सात सय २३ मत प्राप्त गर्दा नेकपा (एकीकृत समाजवादी)ले ५५ हजार नौ सय ५७ मत प्राप्त गरेको छ।

मधेस प्रदेशमा २० लाख ८६ हजार दुई सय ९८ मत गणना भएको छ । कांग्रेसले चार लाख एक सय ४४, एमालेले तीन लाख ५१ हजार सात सय ६८, जनमत पार्टीले तीन लाख २९ हजार एक सय ७७, जनता समाजवादी पार्टीले दुई लाख ९८ हजार सात सय ७४, माओवादीले एक लाख ८० हजार आठ सय ६० र नेकपा (एकीकृत समाजवादी)ले एक लाख १३ हजार नौ सय १५ मत प्राप्त गरेको छ।

बागमती प्रदेशमा १८ लाख ५७ हजार नौ सय ६६ मत गणना भएको छ। सो प्रदेशमा एमालेले पाँच लाख ६२ हजार छ सय ७५, कांग्रेसले चार लाख ७१ हजार नौ सय ६१, राप्रपाले दुई लाख ७२ हजार ८९, माओवादीले दुई लाख ७० हजार तीन सय ७२, नपाल मजदुर किसान पार्टीले ६८ हजार छ सय ५४ र नेकपा (एकीकृत समाजवादी)ले ६४ हजार एक सय आठ मत प्राप्त गरेको छ।

गण्डकी प्रदेशमा नौ लाख ८४ हजार पाँच सय ३९ मत गणना भएको छ । त्यसमा एमालेले तीन लाख ६७ हजार तीन सय ६१, कांग्रेसले तीन लाख ४९ हजार दुई सय १५, माओवादीले एक लाख १६ हजार आठ सय ५१, राप्रपाले ५९ हजार चार सय ४३, हाम्रो नेपाली पार्टीले १८ हजार सात सय ३२ मत प्राप्त गरेको छ।

लुम्बिनी प्रदेशमा १८ लाख ८७ हजार ७८ मत गणना भएको छ । त्यसमा एमालेले पाँच लाख ७० हजार नौ सय २१, कांग्रेसले चार लाख ९९ हजार नौ सय ८६, माओवादीले एक लाख ९८ हजार चार सय ५०, राप्रपाले एक लाख २७ हजार चार सय ५२, नागरिक उन्मुक्ति पार्टीले एक लाख २५ हजार पाँच सय २१, जनमत पार्टीले ८१ हजार छ सय पाँच, जनता समाजवादी पार्टीले ६० हजार आठ सय ८६ मत प्राप्त गरेको छ।

कर्णाली प्रदेशमा पाँच लाख ७७ हजार आठ सय २९ मत गणना भएको छ। त्यसमा एमालेले एक लाख ८३ हजार नौ सय ५०, काँग्रेसले एक लाख ७० हजार सात सय ५६, माओवादीले एक लाख ३७ हजार छ सय २९, नेकपा( एकीकृत समाजवादी)ले ३५ हजार आठ सय २६, राप्रपाले २५ हजार एक सय ८६, नेपाल मजदुर किसान पार्टीले आठ हजार नौ सय ९३ मत प्राप्त गरेको छ।

सुदूरपश्चिम प्रदेशमा आठ लाख ३५ हजार आठ सय ९४ मत गणना भएको छ। त्यसमा एमालेले दुई लाख ४८ हजार आठ सय ४०, काँग्रेसले दुई लाख ४३ हजार ३९, माओवादीले एक लाख १८ हजार नौ सय तीन, नागरिक उन्मुक्ति पार्टीले ९८ हजार पाँच सय ५४, राप्रपाले ४३ हजार आठ सय आठ र नेकपा( एकीकृत समाजवादी)ले ४१ हजार आठ सय ३९ मत प्राप्त गरेको छ।

देशभरका अन्य स्थानको मतगणना अन्तिम चरणमा पुगेको छ। दोलखा, बाजुरा र स्याङ्जाको मतगणना भने जारी रहेको आयोगले जनाएको छ ।रासस

# निर्वाचनको परिणाम सुखद् रहेन : अध्यक्ष तिमिल्सिना

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको परिणाम सुखद् नरहेको टिप्पणी गरेका छन् । दलहरुमाथिनै प्रश्न उठने गरी निर्वाचनको परिणाम आउनु मुलुकको लागि हितकर नभएको उनको भनाई थियो।

शनिबार ललितपुरमा आयोजित 'जापानः विगत, वर्तमान र भविष्य' विषयक एकदिने सेमिनारमा बोल्दै अध्यक्ष तिमिल्सिनाले ठूलो बलिदानीपूर्ण संघर्षबाट प्राप्त संघीयता, लोकतन्त्र र गणतन्त्रलाई बलियो बनाउनका लागि दलहरु बलियो हुनुपर्ने उल्लेख गर्दै त्यस काममा लाग्न बौद्धिक समुदायलाई आग्रह समेत गरे। उनले सचेत समुदायले दलहरुलाई सच्याउन सकेमात्रै संघीय लोकतान्त्रिक गणतन्त्र सुदृढ हुने र जनताले समृद्धिको अनुभूति गर्न पाउने गरी विकास, निर्माणको कामले गति लिने पनि स्पष्ट पारे।

अध्यक्ष तिमिल्सिनाले राजनीतिक दलहरुलाई सच्चिन पनि पटक पटक ध्यानाकर्षण गराए। उनले भने, 'चुनाव सकिन लागेको छ। अब मत गणनाको अन्तिम अवस्थामा गएको छ । लोकतन्त्रमा रोज्न पाउने हो स्वतन्त्र व्यक्ति वा विभिन्न पार्टीहरू पनि। तर जे खालको संकेतहरु आएको छ । त्यो संकेत सुखद् छ त ? कुनै एउटा पार्टी पक्षधरताको कुरा नगरीकन पार्टीप्रतिको असन्तुष्टि त्यो एमालेको, काँग्रेसको, माओवादीको वा अर्को, अर्कोको कुरा होइन। पार्टी होइन स्वतन्त्र। स्वतन्त्र पनि पार्टी भएको छ एउटा । तर, त्यो पार्टी भन्दा पनि स्वतन्त्र भन्ने शब्दका कारण जनमत गएको कि ? स्वतन्त्र हुँदै नहुने भन्ने होइन । विचारमा त्यो पनि हुन्छ । तर बहुदलीय परिपाटी हामीले संघर्ष गरेर यत्रो बलिदानीका साथ ल्याएको यो संघीय लोकतान्त्रिक गणतन्त्रमा बहुदलीयतामाथि नै प्रश्न उठने कुरा किन भइराखेको छ । अब सोच्ने बेला आएको छ । हरेक दलभित्र सोच्नुपर्ने बेला भएको छ।'

उनले भने, 'अनि हामीहरू रसातलतिर जाने अनि अरुले राम्रो गरेको छ भनेर कसो होला र । त्यसकारण यहाँहरुजस्तो बौद्धिक व्यक्तित्वहरु, जो देशको हर क्षेत्रमा हुनुहुन्छ। त्यो क्षेत्रबाट देशलाई कसरी अगाडि लैजाने भन्ने बारे सोच्नु पर्दछ। विभिन्न क्षेत्रमा रहेका संस्थाहरुले, व्यक्तिहरुले दलहरुलाई सुशासन, भ्रष्टाचार नियन्त्रण, चुहावट रोक्नका लागि के गर्नुपर्यो ? एउटा सामान्य काम लिएर गएका नागरिकले दुःख पाउने ? धेरै ठूलो माग भएर पनि मानिसको दलहरुप्रति असन्तुष्टि छैन। सानो सानो कुरा पनि किन डेलिभरी भइरहेको छैन ? मैले भन्यो भने पनि बायस हुन्छ । दलहरुलाई अब तिमीहरूको सिंगो दलको भविष्यप्रति पनि घण्टी बजेको भन्नुपर्यो नि। त्यस हिसाबले भन्ने गरी तपाईंहरु विना आग्रह पार्टीमा लाग्नुपर्छ तपाईहरु जस्तो सचेत व्यक्तिहरू । सचेत व्यक्तिहरूको दवावले नै नेताहरू, पार्टीहरूमा करेक्सन हुने हो । त्यसरी मात्रै हाम्रो संघीयता, लोकतन्त्र र गणतन्त्र बलियो हुन्छ।'

# किवी खेतीप्रति जनप्रतिनिधिको आकर्षण

ढोरपाटन । पछिल्लो समय गाउँबाट बसाइँसराइ गरी बजार झर्नेको सङ्ख्या निकै ठूलो छ । सेवा सुविधा खोज्दै स्थानीय सहर बजारतिर झर्न थालेसँगै गाउँ सुनसान बन्दै गएका छन्। गाउँमा भएका युवा पनि विदेश पलायन भइरहेका छन् ।

बसाइँसराइ र विदेश पलायनले गर्दागाउँकाखेतीयोग्यजमिनवनमाराले ढाकिँदै गएका छन् तर, बागलुङ्का निसीखोला गाउँपालिका-४ का लिलाबहादुर घर्तीले भने वनमारा मासेर व्यावसायिक कृषि गरिराख्नुभएको छ।

घर्तीले थापागाउँमा सात वर्ष पहिले सुरु गरेको किवी खेतीले अहिले राम्रो उत्पादन दिन थालेको छ । गत स्थानीय तहको निर्वाचनमा निसीखोला-४ का वडासदस्यमा निर्वाचित हुनुभएका घर्ती लामो समय विदेशमा दुःख गरेपछि स्वदेश फर्किएर व्यावसायिक कृषि गर्न थाल्नुभएको हो। कतार र भारतमा एक दशक बिताउनुभएका घर्तीले स्वदेशमै उद्यमी बन्ने योजना बनाएर फर्किएको बताउनुभयो ।

"विदेशमा सङ्घर्ष धेरै नै गरियो, त्यहाँ गर्ने मेहनत आफ्नै बारीमा, आफ्नै गाउँठाउँमा गरेपछि राम्रो कमाइ गर्न सकिन्छ भन्ने सोचले फर्किए, गाउँ आएर बाँझो जग्गामा फलफूल खेती सुरु गरे, अहिले विस्तारै प्रतिफल दिन थालेको छ", घर्तीले भन्नुभयो। उहाँले विदेशबाट फर्किएपछि सुरुमा परीक्षणका लागि १० वटा किवीका बिरुवा लगाएको भन्दै परीक्षण सफल भएपछि यसको खेती विस्तार गरेको बताउनुभयो । उहाँले अहिले १५ रोपनीभन्दा बढी क्षेत्रफलमा किवी खेती विस्तार गर्नुभएको छ । आगामी वर्ष थप ६५ रोपनी क्षेत्रफलमा किवी रोप्ने योजना बनाएको उहाँ बताउनुहुन्छ।

"किवी बहुउपयोगी फल हो, नेपालमा यसको माग विस्तारै बढ्दै छ, विदेशमा भने निकै पहिलेदेखि यसको उत्पादन भएको पाइन्छ, सुरुमा मेरो गाउँमा हुन्छ कि हुँदैन भनेर परीक्षणका लागि थोरै बिरुवा लिएर रोपे, राम्रो हुँदै गयो, अब यसको खेती बढाउँदै जाने तयारीमा छु", उहाँले भन्नुभयो, "काम कहिल्यै पनि सानो ठूलो हुँदैन, गरे जे पनि सम्भव हुँदो रैछ।"

घर्तीको बारीमा अहिले किवीका एक सय बोट छन्। ती सबैले फल दिन थालेको उहाँको भनाइ छ। यस वर्ष तीन हजार पाँच किलो किवी बेचेको उहाँले बताउनुभयो । एक किलोको रु तीन सय ५० देखि चारसम्म पार्ने घर्तीले एक सिजनमा मात्रै रु १० लाख बढीको किवी बिक्री गरेको बताउनुभयो । किवी बिक्रीका लागि समस्या नभएको भन्दै यसको मागअनुसारको उत्पादन गर्न नसकेको उहाँको भनाइ छ।

जिल्लाको काठेखोला-७ का वडाध्यक्ष प्रेम लामिछानेले पनि पाँच वर्षदेखि किवी खेती गर्दै आउनुभएको छ । अध्यक्ष लामिछानेले परीक्षणकै क्रममा पनि राम्रो उत्पादन भएको बताउनुभयो । उहाँले अहिले आफ्नो बारीमा दुई दर्जन बढी किवीका बोट रहेको भन्दै सबैले उत्पादन दिएको बताउनुभयो । रासस

# पत्रकार महासङ्घद्वारा भर्त्सना

*नेपाल पत्रकार महासङ्घले पाथसिड नेपाल प्रालिद्वारा सञ्चालित उकेरा डटकमको सिएमएसमा प्रवेश गरी प्रकाशित सामग्री हटाएकोप्रति भर्त्सना जनाएको छ।*

काठमाण्डु । नेपाल पत्रकार महासङ्घले पाथसिड नेपाल प्रालिद्वारा सञ्चालित उकेरा डटकमको सिएमएसमा प्रवेश गरी प्रकाशित सामग्री हटाएकोप्रति भर्त्सना जनाएको छ।

उकेरा डटकमका अनुसार उपराष्ट्रपति नन्दकिशोर पुनका पुत्र दिपेश पुनको सहकारीसम्बन्धी समाचार, स्वतन्त्र पार्टी नेपालका अध्यक्ष रवि लामिछानेको नागरिकतासम्बन्धी केही समाचार र सुकुम्बासीसम्बन्धी समाचार हटाई अन्य असम्बन्धित समाचार पोष्ट गरिएको छ।

महासङ्घले शनिवार विज्ञप्ति जारी गरी प्रकाशित समाचारमाथि चित्त नबुझे खण्डन गर्ने, प्रेस काउन्सिलमा उजुरी दिने र अदालतसम्म जाने विकल्प हुँदाहुँदै प्रविधिको दुरुपयोग गरी सिएमएसमा प्रवेश गरी प्रकाशित समाचार हटाउने कार्यले प्रेस स्वतन्त्रतामाथि गम्भीर आघात पुग्नुका साथै साइबरसम्बन्धी कानूनको समेत गम्भीर उल्लङ्घन भएको जनाएको छ।

विज्ञप्तिमा भनिएको छ, "प्रेस स्वतन्त्राविरोधी यस्ता कार्यको कडा विरोध र भर्त्सना गर्दछ र कानूनविपरीत यस्ता कार्य गर्नेमाथि छानबिन गरी कारबाही गर्न तथा भविष्यमा यस्ता कार्य दोहोरिन नदिन सम्बन्धित पक्षसँग जोडदार माग गर्दछ।'रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०७९/०७/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : फिरोज राइन**
**सिम्बोल नं.: २१७०१९८५**
**रजिष्ट्रेशन नं.:७७१७१३३६७**
**ठेगाना:जि.ध. जनकनन्दिनी गापा-३ प्र.खे. महुवा**
**मो.नं.९८०४८०८३०५**

## घर भाडामा

जनकपुरधामको बस पार्कसँगै रहेको होटेल सीताशरणको पछाडीको पूर्व मोहडा भएको डेढ कठ्ठामा बनेको अत्याधुनिक व्यवसायिक तथा आवासिय चार तले घर भाडामा लिन चाहनु हुनेले सम्पर्क गर्नु होला।

**सम्पर्क**
**मो.नं.९८२३७६७३४०**

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथून | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : नयाँ कार्य हुने। |
| बृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : धन बृद्धि सञ्चय। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सहरभन्दा ग्रामीण भेगका मतदाता बढी सजग




पर्सा । मतदान प्रक्रियामा सहभागी हुन र सही तरिकाले मतदान गर्न यहाँ सहरभन्दा ग्रामीण भेगका मतदाता बढी सजक देखिएका छन् । हालै सम्पन्न भएको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा खसेको मत सङ्ख्या र त्यसमा भेटिएको बदर मतको सङ्ख्याले सहरभन्दा ग्रामीण भेगका मतदाता बढी सजग रहेको पुष्टि गरेको छ ।

चार निर्वाचन क्षेत्र रहेको जिल्लाको क्षेत्र नं १ मा ६६ प्रतिशत मतदान हुँदा पाँच दशमलव शुन्य छ प्रतिशत मत बदर भएको छ भने क्षेत्र नं २ मा ६७ प्रतिशत मतदान हुँदा पाँच दशमलव दुई प्रतिशत मत बदर भएको छ । त्यसै क्षेत्र नं ३ मा ७१ प्रतिशत मतदान हुँदा चार दशमलव १२ प्रतिशत र क्षेत्र नं ४ मा ६९ प्रतिशत मतदान हुँदा तीन दशमलव ३८ प्रतिशत मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्लाको सदरमुकामसमेत रहेको वीरगन्ज महानगरपालिकाअन्तर्गत पर्ने क्षेत्र नं १ मा खसेको ५१ हजार दुई सय ११ मतमध्ये दुई हजार पाँच सय ९१ र क्षेत्र नं २ मा खसेको ५८ हजार पाँच सय ४७ मतमध्ये तीन हजार ४६ मत बदर भएको मुख्य निर्वाचन अधिकृत विनोदकुमार पोखरेलले जानकारी दिनुभयो ।

उहाँले जिल्लाको ग्रामीण भेगमा पर्ने क्षेत्र नं ३ मा खसेको ६४ हजार तीन सय २४ मध्ये दुई हजार छ सय ५१ मत र क्षेत्र नं ४ मा खसेको ६२ हजार दुई सय १९ मध्ये दुई हजार एक सय तीन मत बदर भएको बताउनुभयो । विसं २०७४ मा सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा १० दशमलव शुन्य नौ प्रतिशत मत बदर भएको तुलनामा यसपालिको निर्वाचनमा जिल्लाबाट कूल चार दशमलव चार प्रतिशत मात्र मत बदर भएको छ ।

मतदाता शिक्षालाई यसपालि निर्वाचन आयोगले प्राथमिकता दिएका कारण जिल्लामा बदर मतको सङ्ख्या कम देखिएको भए पनि सहरी क्षेत्रमा देखिएको बढ्दो बदर मतको सङ्ख्यालाई नियन्त्रण गर्न आयोगले विशेष रणनीति बनाउन आवश्यक देखिएको बताइन्छ ।रासस

# ‘अपाङ्गता भएका व्यक्तिको विषयमा सरकार संवेदनशील बन्नुपर्छ’

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले अपाङ्गता भएका व्यक्तिको सवालमा तीनवटै सरकार संवेदनशील बन्नुपर्ने बताउनुभएको छ ।

अपाङ्गता भएका व्यक्तिको ३१औँ अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय अपाङ्ग कोषले आज यहाँ आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले अपाङ्गता भएका व्यक्तिको सवालमा तीन तहकै सरकार संवेदनशील बनेर काम गर्न जरुरी रहेको बताउनुभएको हो ।

“दुर्गम क्षेत्रमा शारीरिक अशक्त भएर बसेका व्यक्तिको सेवा प्रवाहमा स्थानीय सरकार बढी जिम्मेवार र संवेदनशील बन्न आवश्यक छ’, उहाँले भन्नुभयो । सङ्घीय सरकार र प्रदेश सरकारले पनि अपाङ्गता भएका व्यक्तिहरूको सवालमा बजेट छुट्याएर काम गर्नुपर्ने उहाँको भनाइ थियो ।

मन्त्री रेग्मीले स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूको सेवा, सुविधामा ध्यान नदिएको गुनासो आएको भन्दै मन्त्रालय गम्भीर बनेको बताउनुभयो । कार्यक्रममा राष्ट्रियसभाका सदस्य एवं दिगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्थले अपाङ्ग कोषले अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग सामग्री निर्माणमा अझै जोडबल गर्नुपर्ने बताउनुभयो ।

“अपाङ्ग भएका व्यक्तिहरूका लागि स्थानीय सरकारले सहायक सामग्री घर-घरमा नै लगिदिनुपर्छ’, उहाँले भन्नुभयो । स्थानीय तहले अपाङ्ग भएका व्यक्तिलाई सहयोगमा चासो नदिएको उहाँको भनाइ थियो । उहाँले अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारबाट पनि सोचेअनुसारको सहयोग प्राप्त नभइरहेको गुनासो गर्नुभयो । सभापति पन्थले पछिल्लो समय अपाङ्गता कार्डको दुरुपयोग भइरहेको भन्दै त्यस्तालाई कारबाही गर्न सकारसँग आगह गर्नुभयो ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव डिल्लीराम शर्माले राष्ट्रिय अपाङ्ग कोषको कार्य र क्रियाकलाप साथै अपाङ्गता भएकाहरूका लागि चाहिने सामग्रीमा भएको कमीलाई मन्त्रालयले गम्भीरतापूर्वक लिएको बताउनुभयो । कोषलाई आवश्यक सहयोगका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सहयोग गर्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय अपाङ्ग कोषका सभापति डेकराज भट्टराईले अपाङ्गता भएका व्यक्तिहरूका लागि सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो । तीनवटै तहका सरकारले मिलेर सहयोग गर्ने हो भने अपाङ्गता भएका व्यक्तिहरूले पाइरहेको समस्या र सास्ती कम हुने उहाँको भनाइ थियो ।

सोही अवसरमा कोषले अपाङ्गता भएर पनि समाजका विविध क्षेत्रमा योगदान दिने व्यक्तिलाई सम्मान गरेको थियो । सो अवसरमा कोषका अध्यक्ष भट्टराईले फिजियोथेरापी, अकुपेसनलथेरापी, परामर्श सेवा, गेट ट्रेनिङ तथा सहायक सामग्री, कृत्रिम हातखुट्टा, क्यालिपर, अर्थोपेडिक जुत्ता, ह्वीलचियर, वैशाखी, वाकर, सेतो छडीलगायतका सामग्री वितरण गर्नुभएको थियो ।रासस

# मधेश प्रदेशमा १८ पूर्वमन्त्री पराजित

जनकपुरधाम । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको अन्तिम परिणाम सार्वजनिक हुँदा मधेश प्रदेशमा १८ जना पूर्वमन्त्री पराजित हुनुभएको छ । कतिपय पूर्वमन्त्री नयाँ अनुहारसँग पराजय हुनुभएको छ भने कतिपयलाई अघिल्ला प्रतिस्पर्धीबाट हार बेहोर्नुपरेको छ । सबैभन्दा बढी धनुषामा मात्रै छ जना पूर्वमन्त्री पराजित हुनुभएको छ ।

धनुषाको क्षेत्र नम्बर १ मा नेकपा (माओवादी केन्द्र)का उपमहासचिव तथा पूर्वमन्त्री मात्रिकाप्रसाद यादव अघिल्ला प्रतिस्पर्धी जनता समाजवादी पार्टीका नेता दीपक कार्कीसँग पराजित हुनुभएको छ । गत २०७४ सालको निर्वाचनमा सोही क्षेत्रबाट यादव २६ हजार चार सय १८ मत प्राप्त गरी विजयी हुँदा कार्की १७ हजार दुई सय ९६ मत प्राप्त गर्नुभएको थियो । यादव गत २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा पनि सोही क्षेत्रबाट निर्वाचित हुनुभएको थियो ।

यस्तै धनुषा क्षेत्र नम्बर २ मा चुनावी प्रतिस्पर्धामा रहनुभएका तीन जना पूर्वमन्त्रीमध्ये पूर्वमन्त्री तथा कांग्रेस नेता रामकृष्ण यादव निर्वाचित हुनुभएको भने पूर्वमन्त्री उमाशङ्कर अरगरिया र रामचन्द्र झा पराजित हुनुभएको छ । गत २०७४ सालको निर्वाचनमा अरगरिया निर्वाचन हुँदा झा र यादव पराजित हुनुभएको थियो । धनुषा क्षेत्र नं ३ मा पूर्वमन्त्री तथा लोसपा नेता अनिलकुमार झा पराजित हुनुभएको छ ।

पूर्वमन्त्री तथा नेकपा (एमाले) का नेत्री जुलीकुमारी महतोसँग झा पराजित हुनुभएको मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिनुभयो । मुख्य निर्वाचन अधिकृत प्याकुरेलका अनुसार महतोले ३३ हजार तीन सय ८८ मत प्राप्त गर्नुभयो भने झाले २३ हजार छ सय ८६ मत ल्याउनुभयो । धनुषाको क्षेत्र नम्बर ४ मा पूर्वमन्त्री तथा एमालेका सचिव रघुवीर महासेठ दोस्रो पटक विजयी हुँदा पूर्वमन्त्री तथा कांग्रेसका सहमहामन्त्री महेन्द्रयादव पराजित हुनुभएको छ ।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार महासेठले यादवलाई एक सय ४२ मतान्तरले पराजित गर्नुभएको छ । महासेठले ३२ हजार दुई सय ३६ मत ल्याएर निर्वाचित हुदाँ यादवले ३२ हजार एक सय १२ मत प्राप्त गर्नुभयो । सोही क्षेत्रको प्रदेशसभामा चुनाव लड्नुभएका पूर्वराज्यमन्त्री तथा नेकपा (एकीकृत समाजवादी) पार्टीका नेता सत्रुधनप्रसाद महतो पनि एमालेका नेता हरिनारायण महतोसँग पराजित हुनुभएको छ ।



धनुषामा छ जना पूर्वमन्त्री पराजित हुँदा छिमेकी जिल्ला सिरहामा पनि चार जना पूर्वमन्त्रीलाई पराजय बेहोर्नुपरेको छ । सिरहा क्षेत्र नम्बर १ मा पूर्वमन्त्री तथा कांग्रेस नेता पदमनारायण चौधरी एमालेका रामशङ्कर यादवसँग पराजित हुनुभएको छ । एमालेका यादवले २९ हजार चार सय ६२ मत प्राप्त गरी विजयी हुँदा चौधरीले २७ हजार तीन सय ७९ मत प्राप्त गर्नुभएको छ ।

सिरहा क्षेत्र नम्बर २ मा पूर्वमन्त्री तथा कांग्रेस नेत्री चित्रलेखा यादव पराजित हुनुभएको छ । उहाँलाई पूर्वमन्त्री तथा जसपाका नेता राजकिशोर यादवले एक हजार एक सय ५० मतान्तरले पराजित गर्नुभएको हो । त्यहाँ जसपा नेता यादवले २४ हजार एक सय ७८ मत प्राप्त गर्दा कांग्रेस नेत्री यादवले २३ हजार २८ मत प्राप्त गर्नुभयो ।

सिरहा क्षेत्र नम्बर ३ मा चुनावी मैदानमा उत्रिएका पूर्वमन्त्री तथा एमाले नेता लिलानाथ श्रेष्ठ निर्वाचित हुँदा अर्का पूर्वमन्त्री तथा माओवादी केन्द्रका नेता विश्वनाथ साह पराजित हुनुभयो । निर्वाचन अधिकृतको कार्यालयका अनुसार एमाले नेता श्रेष्ठले २८ हजार ६४ मत प्राप्त गर्दा माओवादी नेता साहले २६ हजार आठ सय ८२ मत प्राप्त गर्नुभएको छ ।

सिरहा क्षेत्र नम्बर ४ मा पूर्वमन्त्री धर्मनाथ साह पनि फराकिलो मतान्तरले पारजित हुनुभयो । सो क्षेत्रमा जसपाबाट डा वीरेन्द्रप्रसाद महतो २३ हजार एक सय दुई मत ल्याएर विजयी हुनुभयो भने तेस्रो स्थानमा रहनुभएका पूर्वमन्त्री साहले १४ हजार छ सय ५३ मत मात्र प्राप्त गर्नुभयो । उम्मेदवारी दर्तादेखि मतगणनासम्म सर्वाधिक चासोको रुपमा रहेको सप्तरी क्षेत्र नम्बर २ मा पूर्वउपप्रधानमन्त्री तथा जसपा अध्यक्ष उपेन्द्र यादव जनमत पार्टीका अध्यक्ष डा सिके राउतसँग फराकिलो मतान्तरले पराजित हुनुभयो । जनमत अध्यक्ष डा राउतले ३५ हजार ४२ मत प्राप्त गरी विजयी हुँदा जसपा अध्यक्ष यादवले १६ हजार नौ सय ७९ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले बताउनुभयो ।

सो क्षेत्रको प्रदेशसभा क्षेत्र नम्बर २ (२) मा चुनाव लड्नुभएका पूर्वमन्त्री तथा माओवादी केन्द्र सप्तरीका अध्यक्ष उमेशकुमार यादव आफ्नै पूर्वसहकर्मीबाट पराजित हुनुभएको छ । उम्मेदवारी मनोनयनपत्र दर्ताको पूर्वसन्ध्यामा नेकपा (माओवादी केन्द्र) छाडेर जनमत पार्टीबाट उम्मेदवारी दर्ता गराउनुभएको महेशप्रसाद यादवले पूर्वमन्त्री यादवलाई पराजित गर्नुभएको छ ।

गत २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा सप्तरी क्षेत्र नम्बर १ बाट निर्वाचित भई मन्त्रीसमेत भइसक्नुभएका हेमराज तातेड यस पटकको प्रदेशसभा सदस्य निर्वाचनमा भने आफ्नो जमानतसमेत जोगाउन सक्नुभएन । कांग्रेसले टिकट नदिएपछि सप्तरी क्षेत्र नम्बर १(१) मा स्वतन्त्र उम्मेदवारी दिनुभएका तातेडले जम्मा नौ सय ९२ मत मात्र प्राप्त गर्नुभयो । सो क्षेत्रबाट एमालेका राजकुमार लेखी १४ हजार दुई सय ९१ मत प्राप्त गरी विजयी हुनुभएको छ ।

महोत्तरीमा पनि दुई जना पूर्वमन्त्री पराजित हुनुभएको छ । महोत्तरी क्षेत्र नम्बर १ मा पटकपटक मन्त्री भइसक्नुभएका माओवादी केन्द्रका उपमहासचिव गिरिराजमणि पोखरेल एक हजार ३० मतान्तरले अघिल्लो प्रतिस्पर्धीबाटै पराजित हुनुभएको छ । एमालेका लक्ष्मी महतो कोइरी २३ हजार चार सय दुई मत ल्याएर विजयी हुँदा पूर्वमन्त्री पोखरेलले २२ हजार तीन सय २ मत प्राप्त गर्नुभयो । गत २०७० र २०७४ सालको निर्वाचनमा पोखरेल सोही क्षेत्रबाट निर्वाचित हुनुभएको थियो । पूर्वस्वास्थ्य राज्यमन्त्री सुरेन्द्रकुमार यादव पनि पराजित हुनुभएको छ । कांग्रेस नेता महेन्द्र राय महोत्तरी क्षेत्र नम्बर ४ बाट निर्वाचित हुँदा पूर्वराज्यमन्त्री यादव चार हजार एक सय २४ मतान्तरले पराजित हुनुभएको छ ।

राय २५ हजार चार सय २० मत ल्याएर निर्वाचित हुँदा जसपाका यादवले २१ हजार दुई सय ९६ मतमा सीमित हुनुभयो । गत २०७४ सालको निर्वाचनमा यादवले रायलाई पाँच हजार मतान्तरले पराजित गर्नुभएको थियो । गत २०७४ सालको निर्वाचनमा निर्वाचित भएको धनुषा क्षेत्र नम्बर ३ छाडेर सर्लाही क्षेत्र नम्बर २ बाट चुनाव लड्नुभएका पूर्वमन्त्री तथा लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो पनि पराजित हुनुभएको छ ।

माओवादी केन्द्रको चुनाव चिह्न लिएर चुनाव लड्नुभएका नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव सो क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुँदा महतो दुई हजार ११ मतान्तरले पराजित हुनुभएको छ । महेन्द्र रायले २३ हजार पाँच सय २९ मत ल्याएर विजयी हुँदा महतो २१ हजार पाँच सय १८ मतमा सीमित हुनुभएको छ ।

यसअघि २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा पनि तत्कालिन सर्लाही क्षेत्र नम्बर ५ मा महतो महेन्द्र राय यादवसँगै पराजित हुनुभएको थियो । गत २०७४ सालको निर्वाचनमा धनुषा क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिलाई पराजित गरेर महतो सांसद हुनुभएको थियो ।

वर्तमान सरकारको खानेपानीमन्त्री तथा कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरी बारा क्षेत्र नम्बर १ मा पराजित हुनुभएको छ । जहाँ एमालेका अच्युतप्रसाद मैनाली ३९ हजार एक सय ९५ मत ल्याएर विजयी हुनुभएको छ । मन्त्री चौधरीले भने ३० हजार ५६ मत मात्र प्राप्त गर्नुभयो । पूर्वमन्त्री तथा एमाले नेता एकबाल मियाँ बारा क्षेत्र नम्बर ४ मा नेकपा (एकीकृत समाजवादी)का नेता कृष्णकुमार श्रेष्ठसँग पराजित हुनुभएको छ ।

श्रेष्ठले ३० हजार तीन सय ४१ मत ल्याएर विजयी हुदाँ पूर्वमन्त्री मियाँ भने २० हजार तीन सय ३६ मत प्राप्त गर्नुभएको छ । यस्तै पूर्वमन्त्री तथा कांग्रेस नेता सुरेन्द्रप्रसाद चौधरी पर्सा क्षेत्र नम्बर ३ मा एमालेका राजकुमार गुप्तासँग पराजित हुनुभएको छ । निर्वाचित हुनुभएका एमालेका गुप्ताले २४ हजार तीन सय १९ मत ल्याउनुभयो भने चौधरीले २४ हजार एक सय ५२ मत ल्याउनुभयो ।

चुनाव जितेर गएपछि नेताहरू जनतासँग गरेको वाचा बिर्सिने, नाताबाद, कृपावादमा रमाउने, विकास निर्माणमा ध्यान नदिने र सत्ता लिप्सामा लाग्ने गरेकाले सत्ता भोग गरिसकेका नेतालाई यसपटकको निर्वाचनमा मतदाताले पाखा लगाएको स्थानीय बुद्धिजीवीको भनाइ छ । “चुनावका बेला मतदातालाई लोभ्याउन ठूला ठूला नारा दिने तर निर्वाचित भएपछि नेता बिर्सिने गरेका छन्”, राजविराज नगरपालिकाका स्थानीयवासी विजयानन्द झाले भन्नुभयो, “त्यसैको परिणाम स्वरुप अहिले ठूला ठूला नेताहरूलाई मतदाताले अस्वीकार गरेको देखिन्छ ।” अब पनि नेताहरू नसुध्रिए उहाँहरूका लागि आगामी चुनावमा झन असहज हुने उहाँको कथन छ ।

यता यसरी चुनाव हारेका अधिकांश पूर्वमन्त्रीले पार्टी र गठबन्धनभित्रको घात अन्तरघातका कारण पराजय भएको बताएका छन् । “अन्य कारणभन्दा पनि पार्टी र गठबन्धन दलभित्रको घात अन्तरघातका कारण जित्ने चुनाव पनि हारेको छु”, माओवादी नेता तथा सिरहा क्षेत्र नम्बर ३ मा पराजित विश्वनाथ साहले भन्नुभयो, “हाम्रो क्षेत्रमा गठबन्धनका मत बढी छ, त्यो जितको लागि पर्याप्त नै हो तर गठबन्धनमा आबद्ध दलका नेताको असहयोग र घात अन्तरघातले चुनाव गुमाए ।” यसको विषयमा हामी गम्भीर समीक्षा गर्छौं उहाँको भनाइ थियो ।रासस

# जनप्रतिनिधि र कर्मचारीले नै तिरेनन् सहकारीको ऋण

काठमाण्डु । गोकर्णेश्वर नगरपालिका-५ जोरपाटीमा रहेको मञ्जुश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट लिएको ऋण जनप्रतिनिधि, पूर्वसञ्चालक, पूर्वकर्मचारीले समयमै नतिर्दा बचतकर्ता समस्यामा परेका छन् ।

नगरपालिकाको वडा नं ६ का वडाध्यक्ष नवराज लामा सहकारीको सचिव भएका बेला विसं २०६९ असोज १६ मा श्रीमती राधा राईका नाममा रु १६ लाख ३० हजार दुई सय ८६ ऋण लिनुभएको थियो । लामाले लिएको ऋणको अवधि विसं २०७० असोज १५ मा सकिए पनि अझैसम्म ऋण तिर्नुभएको छैन । लामा विसं २०७४ को स्थानीय तह निर्वाचनमा नेकपा (एमाले)का तर्फबाट वडा सदस्य पदमा निर्वाचित हुनुभएको थियो ।

यसबारे ऋणी लामाकी श्रीमती राईलाई सम्पर्क गर्दा श्रीमानसँग नै यस विषयमा कुरा गर्नुपर्ने बताउनुभयो । राईले दिनुभएको नम्बरमा पटक-पटक लामासँग प्रतिक्रियका लागि सम्पर्क गर्दा सम्पर्क हुन सकेन ।

मञ्जुश्री सहकारीको ऋण नतिर्ने लामा एक्ला जनप्रतिनिधि भने हुनुहुन्न । नगरपालिकाको वडा नं ५ का वडा सदस्य श्रीबहादुर योगीले पनि उक्त सहकारीको ऋण तिर्नुभएको छैन । विसं २०७९ को स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट वडा सदस्य पदमा निर्वाचित हुनुभएका योगीले २०७६ असार ३१ गते रु एक लाख ८१ हजार चार सय १६ ऋण लिनुभएको थियो ।

योगीले सहकारीलाई ऋण चुक्ता गर्नुपर्ने मिति २०७६ पुस २८ गते नै समाप्त भइसकेको छ । लामा र योगीलाई पटक-पटक पत्र काट्दा पनि ऋण नतिरेको सहकारीका प्रशासन प्रमुख विजय तामाङले गुनासो गर्नुभयो ।

“जनप्रतिनिधिले नै सहकारीको ऋण नतिरेपछि अरुले दिन मानिरहेका छैननू, सहकारीका बचतकर्ता भने कार्यालयमै आएर धर्ना दिन थालेका छन्, बचतकर्ताको पैसा खाएर भाग्ने हाम्रो नियत छैन’, उहाँले भन्नुभयो ।

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका वडा नं ५ का अध्यक्ष राजु रायमाझीले पनि सहकारीसँग लिएको ऋण नतिरेको अभिलेख देखिन्छ । रायमाझीले विसं २०७२ भदौ १६ गते रु तीन लाख २० हजार चार सय ९० ऋण लिनुभएको थियो । रायमाझी पनि २०७९ को स्थानीय तह निर्वाचनमा कांग्रेसका तर्फबाट वडाध्यक्ष निर्वाचित हुनुभएको हो ।

ऋण तिर्न रायमाझी, योगी र लामालाई पटक-पटक पत्राचार गरेको सहकारीको अभिलेखमा उल्लेख छ । तीनै जना जनप्रतिनिधिसँग प्रतिक्रियाका लागि पटक-पटक सम्पर्क गर्दा पनि उहाँहरु सम्पर्कमा आउन चाहनुभएन । बचत फिर्ता नहुँदा रोकियो मुटुरोगीको शल्यक्रिया

काभ्रेपलाञ्चोकको पाँचखाल स्थायी घर भएकी पार्वती दाहाल विगत दुई दशकदेखि माकालबारीमा पसल चलाउनुहुन्छ । पसलबाट भएको आम्दानी बचत गरे अप्ठ्यारो परेका बेला काम चलाउन सकिन्छ भनी उहाँले सहकारीमा पैसा राख्नुभयो ।

पटक-पटक गरेर दाहालले सहकारीमा रु छ लाख बचत गर्नुभएको छ । दशैँअघि नै मुटुको शल्यक्रिया गर्नका लागि सहकारीमा पैसा फिर्ता माग्न जाँदा उहाँले पैसा पाउनु भएन । उहाँले भन्नुभयो, “मेरो आफ्नै उपचारका लागि सहकारीमा श्रीमानले बचत गरिदिनुभएको हो, तर मैले अप्ठ्यारो परेका बेला पैसा पाउन सकिन ।’

स्थानीयस्तरमा सहकारीलाई नियमन गर्ने नगरपालिकामा कार्यरत पुष्पबहादुर जिसी र अर्जुन श्रेष्ठले पनि मञ्जुश्री सहकारीबाट ऋण लिनुभएको छ । तर उहाँहरूले पनि अहिलेसम्म ऋण नतिरेको सहकारीका प्रशासन प्रमुख तामाङले सुनाउनुभयो ।

यसैगरी सहकारीका पूर्वकर्मचारीहरूले लिएको ऋण पनि अझै फिर्ता गरेका छैनन् । सहकारीका पूर्वव्यवस्थापक लेखनाथ लामाले विसं २०७६ असार ३१ गते रु ३२ लाख ५३ हजार चार सय पाँच ऋण लिनुभएको थियो । उहाँले ऋण तिर्नुपर्ने म्याद २०७६ पुस २८ गते नै समाप्त भए पनि अझै ऋण चुक्ता नगरेको पनि सहकारीले जनाएको छ । चन्दु लामा र रामेश्वर चौलागाईं पनि सहकारीका पूर्वकर्मचारी हुनुहुन्छ । दुवैले लिएको ऋण नतिरेको अभिलेख सहकारीको कार्यालयमा रहेको छ । सहकारीका अध्यक्ष इन्द्र लामा ऋणीसँग पैसा उठाएर बचतकर्तालाई फिर्ता गरिने प्रतिबद्धता जनाउनुभयो । सहकारीका नाममा घर पनि छ । बचतकर्तालाई पैसा फिर्ता गर्न त्यो घर पनि बेच्ने योजना बनाएको उहाँले सुनाउनुभयो । लामाले भन्नुभयो, “बचतकर्ताले दुःख गरी जम्मा गरेको पैसा हामी खाँदैनौँ, जसरी पनि पैसा फिर्ता गर्न लागेका छौँ, पैसा फिर्ता पाइन्छ भन्नेमा मञ्जुश्रीका बचतकर्ता ढुक्क बन्नुभए हुन्छ ।’

नगरपालिकाका प्रवक्ता एवं वडा नं ५ का अध्यक्ष नारायणबहादुर सुवेदी जनप्रतिनिधि र नगरपालिकाका कर्मचारीले लिएको ऋण फिर्ता गराउन पहल गर्ने प्रतिबद्धता बताउनुभयो । “नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको ऋणले मात्र सहकारी डुबेको होइन, बचत पैसाले घर किनेर धेरै मूल्याङ्कन गरेको सुनेको छु, पैसा घरमा लगाएपछि बचत फिर्ता हुन नसकेको हो, बचत फिर्ताका लागि हामी पनि पहल गर्छौं’, उहाँले भन्नुभयो । रासस

# माछा पाल्ने किसानलाई ५० प्रतिशन अनुदान



भरतपुर । भरतपुर महानगरपालिकाले व्यावसायिक रूपमा माछा पाल्ने किसानलाई विद्युत् महसुलमा ५० प्रतिशत अनुदान दिने भएको छ । महानगरपालिकाको आर्थिक वर्ष २०७९/८० को स्वीकृत पशु सेवा विकास कार्यक्रमअन्तर्गत व्यावसायिक मत्स्य फर्मको विद्युत् महसुलमा ५० प्रतिशत अनुदान दिन लागिएको हो । महानगरले आफ्नो नीति तथा कार्यक्रममा अनुदानले यहाँको कृषि उत्पादनलाई वृद्धि गर्ने लक्ष्य लिएको छ ।

विद्युत् महसुलमा अनुदानका लागि आवेदन पेस गर्न भरतपुर महानगरपालिकाको वेबसाइट वा कृषि महाशाखामा सम्पर्क गर्न किसानलाई अनुरोध गरिएको महानगरपालिकाको कृषि तथा पशुपक्षी व्यवसाय प्रवर्द्धन शाखाप्रमुख मेघराज ढकालले बताउनुभयो । यो कार्यक्रमले मत्स्य कृषकलाई प्रोत्साहन गर्न सहयोग पुर्‍याउने महानगरले अपेक्षा लिइएको उहाँले बताउनुभयो । अनुदानका लागि किसानले माछापोखरीमा पानी भर्नका लागि प्रयोग भएको विद्युत् मिटरमा उठेको रकम र विद्युत् कार्यालयमा तिरेर रसिद महानगरपालिकामा पेस गर्नुपर्ने हुन्छ । यस्तै व्यावसायिक फर्म महानगरको वडा कार्यालयमा दर्ता गरेको हुनुपर्ने र मिटर फर्मको नाममा दर्ता गरेको हुनुपर्ने प्रमुख ढकालले जानकारी दिनुभयो ।

यस्तै फर्म महानगरपालिका अथवा सेवा केन्द्रमा सूचीकरणसमेत गरेको हुनुपर्ने उहाँले बताउनुभयो । महानगरपालिका-१८, २०, २२, २३, २६ लगायतका वडामा व्यावसायिक रूपमा माछापालन गरिएको छ । महानगरपालिकाले माछासँगै र दूधमा पनि अनुदान दिइरहेको छ । प्रतिलिटर दूधमा तीन रुपयाँ अनुदान दिने कार्यक्रम महानगरपालिकाले सञ्चालन गरिरहेको छ ।रासस

# शान्ति समाजद्वारा सहयोग

काठमाण्डु । अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवसका अवसरमा मानवअधिकार तथा शान्ति समाजले बाँके नेत्रहीन सङ्घलाई रु २५ हजार सहयोग प्रदान गरेको छ ।

अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस ३ डिसेम्बर अर्थात् मङ्सिर १७ का अवसरमा आज नेपालगञ्जमा सो सहयोग हस्तान्तरण गरिएको हो ।

यसैगरी सोही दिवसका दिन शान्ति समाज पाल्पा शाखाले पाल्पाका अपाङ्गता भएका व्यक्तिलाई न्यानो कपडा र नवलपुर शाखाले गैँडाकोटस्थित अपाङ्ग जीवन विकास संस्थामा खाद्यान्न वितरण गरेको समाजका महासचिव रामकृष्ण बरालले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । यसैगरी शान्ति समाज रुपन्देही शाखाले देवीनगरस्थित नेपाल अपाङ्ग आश्रमका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ ।


शान्ति समाज दाङ शाखाले तुलसीपुरमा अपाङ्गमैत्री समाज निर्माण विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । शान्ति समाज केन्द्रीय कार्यसमितिको १५१ औँ बैठक मङ्सिर १६ गते नेपालगञ्जमा सम्पन्न भएको छ ।

बैठकको सेरोफेरोमा नेपालगञ्जका छ वटा शैक्षिक प्रतिष्ठानमा लागुऔषध/मदिरा दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम सम्पन्न भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

मङ्सिर १६ गते नेपालगञ्जमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत महिलामाथिको हिंसा र भेदभाव अन्त्य गर, पीडितलाई न्याय र पीडकलाई सजाय सुनिश्चित गर भन्दै प्रदर्शन गरिएको थियो ।

यसैगरी विश्व शान्तिको कामना गर्दै नेपालगञ्जको त्रिभुवन चोकमा दीप प्रज्ज्वलन र नेपालगञ्जमै बहुभाषिक शान्ति काव्य प्रवाहसमेत आयोजना गरिएको थियो ।

यस अवसरमा आज बिहान नेपालगञ्जस्थित श्मसान भूमिमा शान्ति समाजको आयोजनामा वृक्षरोपण गर्नुका साथै रानी तलाउमा साङ्केतिक तबरमा सफाइ कार्यक्रम गरिएको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अहंकारले डुबाउँछ

देशमा आमनिर्वाचन सम्पन्न भएपछि प्रतिनिधि र प्रदेश सभामा जनप्रतिनिधिहरु निर्वाचित भएका छन् । लोकतान्त्रिक पद्धति अनुसार हरेक ५ वर्षमा आमनिर्वाचन हुनुपर्छ । देशमा शासन व्यवस्था र दलहरुबीचको तालमेल ठिक रहे अर्को ५ वर्षमा अब चुनाव हुनेछ । कुनै एक दलको बहुमत नरहेकाले दलहरुबीच तालमेल बिग्रिए मध्यावधि चुनाव हुने संभावना पनि व्यापक छ । हुनत देशमा मध्यावधि चुनाव हुनु सकारात्मक होइन् । शासनका लागि चुनावबाट नयाँ जनादेश प्राप्त गरिन्छ । चुनावमा दलहरुले गरेको प्रतिबद्धतालाई कार्यान्वयन गरिनुपर्ने हो । आमनिर्वाचनबाट प्राप्त बहुमत जनादेश भएका दलहरु मिलेर सरकार बनाउने हो । एकल सरकार बन्ने संभावना समाप्त भइसकेको छ । हुनत चुनावमा जाँदा पनि एकल सरकारका लागि कुनै दलले उम्मेदवारी दिएको थिएन् । दलहरुले आपसी गठबन्धनगरी चुनावमा गएकाले परिणाम पनि गठबन्धनबाटै सरकार बनाउने आएको छ । त्यसकारण पनि चुनावमा जित्नेले विपक्षीलाई अनावश्यक दुख दिने र हार्नेले इर्ष्या गर्ने विषय होइन् । जनताको अभिमत प्राप्त नेताले जनभावना अनुरुप काम गर्ने हो । विपक्षीलाई कुनै प्रकारको विभेद नगरी उच्च सम्मान दिने राजनीतिक संस्कारको विकास गर्नुपर्छ । चुनावपछि पक्ष र विपक्षको भन्दा विकास निर्माणको काममा सबै एकजुट भएर लाग्नुपर्छ । समग्रमा मुलुकको वृहत्तहित हुने कामलाई प्राथमिकतामा राख्नुपर्छ । चुनावको औपचारिक परिणाम निर्वाचन आयोगले राष्ट्रपतिलाई हस्तान्तरण गरिसकेको छैन् । चुनाव परिणाम राष्ट्रपतिलाई हस्तान्तरण गरिएपछि देशमा सरकार गठनको प्रक्रियाले तीव्रता पाउने छ । हुनत सरकार गठनको विषयमा सहमति जुटाउन सत्तारुढ गठबन्धन दल र विपक्षी एमाले नेतृत्वको गठबन्धन दलले छलफल प्रारम्भ गरिसकेको छ । संभवतःनेपाली कांग्रेसकै नेतृत्वमा फेरि गठबन्धनको सरकार बन्ने संभावना बलियो छ । चुनावमा जितहार स्वभाविक प्रक्रिया हो । जित्नेले अहंकार गर्नु हुँदैन् । विनम्र भएर सबैपक्षलाई समेटेर अगाडि बढने वातावरण बनाउनु उनको बढी नै दायित्व हुन्छ । तर जित्ने मध्ये केहीमा चरम अहंकार देखिएको छ । विचार नमिल्नेलाई अनावश्यक दुख दिने काम सुरु गरिसकेका सांसदले अहंकारकै कारण रावणको विनाश भएको सम्झिराख्नु पर्छ । रावण विद्वान र पराक्रमी पनि थिए । तर उनको अहंकारले उनलाई समूल नाश गरिदियो । चुनाव जित्दैमा देशको राजा, महाराजा हुने भूल गर्नु हुँदैन् । एउटा चुनावमा जित्नेले अर्को चुनावमा जमानत बचाउन समेत नसकेको धेरै उदाहरणहरु हाम्रै देशमा छन् । त्यसकारण जनादेशको अनुचित प्रयोग नगरौ । जुन जिम्मेवारी निर्वाहका लागि जनादेश प्राप्त भएको हो, त्यसमै केन्द्रित रहौ । अहंकारीको अन्त्य निश्चित छ । देशहितमा काम गरौ । मतदिने र नदिने दुबैलाई समान व्यवहार गरौ । अहंकारको त्याग गरौ ।

देशकाल

# डेंगु, कोरोना र कान्तिपुर



**किशोर नेपाल**

अहिलेको समय कोरोना-कोलाहल पछिको समय हो । अर्थात डेंगुको समय । तै पनि डेंगुको चर्चा छैन । कोरोनाको धङधडी अहिले पनि जारी छ । किनभने, कोरोना अन्तर्राष्ट्रिय रोग हो । डेंगु स्थानीय रोग हो । डेगु ज्वरोको बारेमा थाहै नपाइ मानिसहरु डंगडंगती मर्ने गरेका हुन । कोरोना फैलिएको हल्ला नचल्दासम्म भारत, नेपाल, बांगलादेश र पाकिस्तानमा डेंगुलागेर कति मरे कति । त्यसको हिसाव-किताब छैन । कोरोनाको जति चर्चा भयो, डेंगुको त्यति चर्चा कहिल्यै भएन ।हाम्रो नेपालमा त कसैले पनि आफना परिवारका सदस्य वा परिचितको डेंगु लागेर मृत्यु भएको कहिल्यै बताएका छैनन ।

हिजोआज देशमा आयोजना गरिने आर्थिक-ब्यापारिक सेमिनारहरुमा हाम्रा अर्थशास्त्री तथा अर्थविदहरुले हाम्रो आर्थिक अवस्थालाई बरबाद तुल्याउन कोरोनाको मुख्य हात रहेको चर्चागर्न थालेकाछन । सरकारी भनाइ अनुसार : अहिले ब्यापक भइ रहेको डेंगु स्थानीय महामारी हो । कोरोना जस्तो अन्तर्राष्ट्रिय होइन । कोरोना-काल सकिएकोले अब अर्थतन्त्रमा सुधार आउँछ । अब कोरोनाको भ्याक्सिन किन्नुपर्ने छैन ।

कसले दिन्छ हाम्रा बिद्हरुलाई यस्तो कुराको ज्ञान ? संसारमा कसैले गर्न नसकेको अनुमान नेपालमा गरिन्छ । यो पटकको मेरो कान्तिपुरगाथा पुरानै श्रृंखलाको पुननिर्माण मात्रै हो । देशको बाहिरी साजसज्जा र श्रृंगारमा परिवर्तन आएको छ । तर, मौलिक अवतार सिन्को जति पनि बदलिएको छैन ।

हाम्रो देशको कथा यस्तो छ : यो समयमा राजनीतिका मूल्य, मान्यता, प्रतिबध्दता, जिम्मेवारी र उत्तरदायित्व जस्ता शब्दहरुको चर्चा 'पोलिटिकल्ली करेक्ट' मानिएका छैनन । उसैपनि यी शब्दहरुइतिहासको कुनै चरणमा शोभायमान देखिएनन । नेपाली समाजले भीममल्ललाई चिन्यो, भीमसेन थापालाई चिन्यो, भाइ भारदारलाई चिन्यो । तर, देशका लागि ज्यानको आहूतिदिने अरु कसैलाई चिन्दै चिनेन ।

मल्ल राजाका भारदार थिए भीम मल्ल । त्यतिबेला तिब्बतको आर्थिक र ब्यापारिक संप्रभूता कान्तिपुरको हातमा थियो । कान्तिपुरका जनता 'भोटे नून' खान्थे । तिब्बतीहरु नेपाली चामल । सालबसाली उठतीपुठतीमा गएका भीममल्ल तिब्बतबाट फर्किनासाथ राज-दरबारको ढोकैमा काटिए । उनको अपराध के थियो ? कसैले थाह पाएन । अपराध थियो भनेपनि त्यसका प्रमाण-प्रमेय थिएनन । सबै अनुमानको कुरा थियो ।

नेपालको पूरै इतिहास अनुमानका आधारमा लेखिएकोछ । हामीलाई इतिहास पढाउने नारायणदास श्रेष्ठ सर भन्थे : नेपाली इतिहासका स्रोतहरु सबैजसो परिकल्पनाका आधारमा बुनिएका छन । भीम मल्ललाई जनताले आजपनि शानका साथ सम्झिन्छन । भीमसेन थापा यो देशका गौरवशाली पुरुष मानिन्छन । उनको इतिहास पनि बिबादास्पद छ । उनको ऐतिहासिक कद उनले बनाएको धरहराजति अग्लो पक्कै छैन । अमरसिंह थापाको कद भीमसेन थापाको भन्दा धेरै अग्लो थियो । यो सत्य हो ।

पृथ्वीनारायण शाहलाई नेपाल एकीकरणको जसदिने कुरा लगभग सल्टिइ सकेको छ । पृथ्वी जयन्ती मनाउने काममा राष्ट्रिय अवरोधगर्ने अब कोही देखिएका छैनन । हिजोसम्म उग्रवादी बाटोमा लागेका नेत्रबिक्रम चन्दले पनि अव पृथ्वीनारायण शाहको बिरोधमा काम नगर्लान । पृथ्वीनारायण शाहको मूलराज्यका रुपमा परिचित गोर्खामा हालै भएको चुनावमा नेपाल राष्ट्रबाट शाहबंशका राजाहरुको स्वामित्व समाप्त तुल्याउने अभियानका नेता प्रचण्डको 'प्रचण्ड' बिजयपछि पृथ्वीनारायणको पूजा जति गरे पनि भयो ।नेपालको एकीकरणदेखि जंगबहादुरको उदयसम्म नेपालको शासनमा भारदारी भद्रगोल खूब चल्यो । जो जो बलिया भए ती सबैले आ-आफनो 'इतिहास' लेखाए । रानीहरुसंगको प्रेमसम्बन्धका कारण दरबारमा धेरै भारदार हरुको शक्ति बिस्तार भयो । भीमसेन थापा, दामोदर पाण्डे, गगनसिंह, रंगनाथ र चन्द्रशेखर लगायत बिबिध थर र एकै वर्गका ब्यक्तिहरु नेपाली समाजमा हावी भए । यी त केही उल्लेखनीय उदाहरणमात्रै हुन । नेपालको इतिहासको आकार देशको बास्तबिक आकारभन्दा कैयौं गुना अग्लो र लामो छ । यो हिमवत्खण्ड हो, हिमालयको देश, पाशुपत क्षेत्र । जतिबेला माओवादी लडाईंमा थिए त्यतिबेला ती रनबन घुम्थे । देशमा पाइने अपार जरिबूटीको उपयोग गरेर देशलाई धनी बनाउने कल्पना गर्दथे । नेपालगन्जमा सीमित जरिबूटीको ब्यापारलाई देशब्यापी प्रचारमा ल्याएका हुन माओवादीले । यो कुरालाई मान्नै पर्छ ।

देशमा राजनीतिक आर्थिक र सांस्कृतिक वार्ता र छलफलका लागि जीवन्त वातावरण बनेको धेरै भएको छैन । तर, जनता-जनताका बीच वार्ता भएकै छैन । संबैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि देशका समस्याहरुमाथि छलफलगर्ने चलन व्हात्तै बढेको थियो । त्यो संगै बढेको थियो आसन ग्रहणको चलन । ब्यंग्य गरेको होइन, एउटा सभामा त यतिसम्म भयो कि आमन्त्रित जति सबै आसन ग्रहणका लागि मन्चमा पुगे । सभाकक्षमा भाषण सुन्ने कोही भएन । सभाकक्ष आमन्त्रित ब्यक्तित्वका चालकहरु, सुरक्षाकर्मीहरु र निजी सचिवहरुले 'भरिएको' थियो । मन्चमा जो बिराजमान थिए ती आपसमा मस्त थिए । एकअर्कासंग तीन तेह्रको सम्बन्ध नहुनेहरु पनि एक आपसमा 'भलाकुसारी' गर्दै थिए । यो थियो शहरी सभ्यताको बिस्तार ।

**त्यस्तो वातावरणमा अब कसले कसलाई के सुनाउने** !

त्यतिबेलाका सभामा, स्वाभाविक थियो, शहीदहरुको सम्मानमा एकमिनेटको मौन धारणा । त्यसपछिको अर्को एकमिनट बीपी र पुष्पलालको सम्मानमा शब्द र पुष्प दुबैको बर्षा हुन्थ्यो । 'भलाद्मी' राजा बीरेन्द्रको लोकप्रिय ब्यक्तित्वप्रति नतमस्तक हुने चलन थियो - उनको प्रजातन्त्र प्रेमको अथक चर्चा हुने गर्दथ्यो । त्यसको प्रमाण स्वरुप कान्तिपुरका सम्भ्रान्त बैठकहरुमा कथाको एक अंश नियमित सुनाइन्थ्यो - कसरी राजा बीरेन्द्रले रानी ऐश्वर्यलाई राजकीय भाषामा 'बडामहारानी' शब्दले संवोधन नगरेर 'मेरी श्रीमती' शब्दले संवोधन गरेका थिए । यो घटना राजा बीरेन्द्रले राज्यारोहण गरे लगत्तै नेपाल बिश्व सम्बन्ध परिषदको आयोजनामा तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठानको सभागृहमा देशका बुध्दिजीवीहरु सहभागी भएको एउटा महत्वपूर्ण सभामा भएको थियो । त्यसैदिनदेखि राजा बीरेन्द्रका बिरुध्द पुराना र घरानियाहरुले षडयन्त्र शुरु गरेको कथा शहरका संभ्रान्त बैठकहरुमा दोहोरिन, तेहोरिन थालेको थियो ।

> *२०४७ सालमा कान्तिपुर शहरमा बीर गणेशमानको सघन चर्चा हुन्थ्यो । प्रजातन्त्रको पुनर्स्थापनापछि गणेशमानजीलाई 'बीर' त के, प्रजातान्त्रिक देशको 'अकिन्चन' नागरिकका रुपमा समेत शान्तिसंग बस्न दिइएन । उहाँलाई कांग्रेसका सर्वोच्च नेता भनिन्थ्यो । तर, के कांग्रेसले उहाँलाई साँच्चै सर्वोच्च रहन दियो त ? यसको जवाफ इतिहासले खोज्दै गर्ला ।*

२०४७ सालमा कान्तिपुर शहरमा बीर गणेशमानको सघन चर्चा हुन्थ्यो । प्रजातन्त्रको पुनर्स्थापनापछि गणेशमानजीलाई 'बीर' त के, प्रजातान्त्रिक देशको 'अकिन्चन' नागरिकका रुपमा समेत शान्तिसंग बस्न दिइएन । उहाँलाई कांग्रेसका सर्वोच्च नेता भनिन्थ्यो । तर, के कांग्रेसले उहाँलाई साँच्चै सर्वोच्च रहन दियो त ? यसको जवाफ इतिहासले खोज्दै गर्ला ।

सभा-समारोहमा सन्त नेता कृष्णप्रसाद भट्टराईको छाता र सुराहीको दृष्टान्तदिंदै उनलाई राजनीतिमा इमान-जमानको प्रतीकका रुपमा सम्झना गरेको हिजो पनि सुनिन्थ्यो र आज पनि सुनिन्छ । त्यो दृष्टान्त राजनीतिक समाजका लागि साह्रै गह्रुंगो हुन थालेपछि बिस्मृतिको गर्भमा लोप भयो । गणेशमानजी र किशुनजीको आदर्श नेपालको राजनीतिबाट लगभग लोप हुनुभयो । प्रजातन्त्र पुनर्स्थापनाको एक दशक पनि नबित्दै जब कांग्रेस जीवन-मरणको चरम संकटमा पर्‍यो, गिरिजाप्रसाद कोइरालाले जनताको दरबारमा किशुनजीको इमान जमानी राखेर पार्टीलाई २०५६ सालको चुनाव लडाए ।

पुनर्स्थापित संबैधानिक राजतन्त्र तथा वहुदलीय प्रजातान्त्रिक ब्यबस्थाको यो तेस्रो र अन्तिम चुनाव थियो । यो चुनाव कांग्रेसले किशुनजीकै नेतृत्वमा लड्यो र बहुमत ल्याएर जित्यो । प्रजातन्त्र पुनर्स्थापना अभियानमा नेपाली कांग्रेसको सहयात्री रहेको पहिलेको माले र पछिको एमालेमा, प्रजातन्त्रको पुनर्स्थापनापछि, अभिमान भन्दापनि हलक्क बढेको थियो घमण्ड । अभिमान र घमण्ड एकै अर्थदिने शब्द होइनन । अभिमानी हुनु र घमण्डी हुनुका भेदहरु थुप्रैछन ।

प्रजातन्त्र पुनर्स्थापनापछि, पहिलो चुनावी मौसममा, आफ्नै संघर्षले नेपाली समाजमा महिला नेताका रुपमा स्थापित भएकी गणेशमान सिंहकी धर्मपत्नी मंगलादेवी सिंह चुनावमा उम्मेदवार हुनुहुन्थ्यो । चुनावकै प्रसंगमा उहाँले लगाएको रातो लिपष्टिकको तुलना 'मानव रगत' संग गर्दै नेपाल कम्युनिष्ट पार्टी एमालेका नेता तथा तत्कालीन पत्रकार रघुपन्तले आफनो स्तम्भ लेखेका थिए । धन्य हो, पन्त अहिले नेपाल कम्युनिष्ट पार्टीभित्र ओली गूट भनेर चिनिने एमालेमा छन ।

उतिबेलाका सभा-समारोहमा कांग्रेस-कम्युनिष्टको 'बोक्रे' मित्रता देख्न पाइन्थ्यो । कांग्रेसहरु कम्युनिष्टहरुलाई दुइ हात जोडेर 'नमस्कार' गर्दथे । कम्युनिष्टहरु मुडकी उजाएर 'सलाम' फर्काउँथे । यतिबेला चाहीं देशका नेपाल कम्युनिष्ट पार्टी एमालेका कार्यकर्ताहरु मुडकी उजाएर कांग्रेसलाई नमस्कार गर्न होइन, डडाल्नो फुक्लिने गरी ठोक्न चाहन्छन ।

दुइवटा पुरा र एउटा मध्यावधि चुनाव बितेपनि पुनर्स्थापित प्रजातन्त्रले जनतालाई सन्तुष्टिदिन सकेको थिएन । राजा बीरेन्द्रको हत्यापछि ज्ञानेन्द्र राजा भए । ज्ञानेन्द्र राजाका रुपमा भन्दा पनि पारस शाहका पिताका रुपमा बढी चर्चित भए । राजा ज्ञानेन्द्रले पारस शाहलाई युवराज घोषित गरे । उनका चाकरीदारहरुले 'सरकारको कीर्ति गाउँदै' भनेको सुनियो, 'सरकारले पारसलाई युवराज बनाउँदा बडो अप्ठेरो महसूस गरिबक्सियो ।' अप्ठेरो महसूस गरिबक्सिएको थियो भने किन युवराज घोषित गरी बक्सिएको थियो त ? यो प्रश्नको जवाफ ती कीर्तिकारहरु कसैसंग पनि छैन होला ।

राजतन्त्रको अन्त्यपछि अहिले राजा ज्ञानेन्द्रले युवराज पारस बिर्सिएका छन । उनी समाजसेवा र ब्यापारमा युवराज्ञी हिमानीलाई अघि बढाउँदै रहेका देखिन्छन । राजाहरु ती बेलायतका हुन कि नेपालका, धनी हुन कि गरीब, मूर्ख हुन कि बुध्दिमान : अलिकति सन्की सन्की नै हुन्छन ।

गणतान्त्रिक राष्ट्रका रुपमा नेपालको उदयपछि जनताले नसोचेका कुरा धेरै भए । मल्लकालीन नेपालमा भारदारहरुको बृत्तको बिस्तार भएको थियो नेपालको शासन-प्रशासनमा । पृथ्वीनारायणका आफना मानिस थिएनन । मल्ल राजाहरुको पतनपछि अलमल्ल परेका भारदारहरु शरणार्थीका रुपमा पृथ्वीनारायण शाहको 'चरण कमलमा' लम्पसार परे । मल्ल राजतन्त्रको प्रशासनलाई शाह राजतन्त्रले निरन्तरता दियो । यसैको बिंडो थामेर, शाह राजतन्त्रलाई गणतान्त्रिक शासन ब्यबस्थाले निरन्तरता दिएको छ अहिले । गिरिजा प्रचण्ड र परिवर्तनका अन्य महत्वपूर्ण नेताहरुले एउटा संविधानसम्म पनि लेख्न सकेनन समयमा । संविधान सभाको पहिलो कार्यकालमा प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराई पालैपालो प्रधानमन्त्री भए । त्यतिबेला, 'बाइ हुक्स एण्ड क्रूक्स' बाबुराम प्रधानमन्त्री नभएको भए फेरी कहिल्यै हुने थिएनन ।

यही क्रममा पहिलो संविधान सभा टुंगियो । दोस्रो संविधान सभाका लागि परिवर्तनका नेताहरुले सर्बोच्च अदालतको खोपाबाट खिलराज रेग्मी नामको मुख्य कारिन्दालाई ल्याएर देशको प्रधानमन्त्री बनाए । त्यसपछि रेग्मीले जुन चुनाव गराए त्यसमा परिवर्तनको वाहक बनेको माओवादी पार्टी नै सफाचट भयो ।

तै पनि, संविधान बन्यो । संविधान बनाउने नाममा कति थारुको ज्यान लिइयो र कतिलाई जेलमा कोचियो त्यसको हिसाब गरेर साध्य लागेन । नेताहरु कुनैपनि मूल्यमा नेपाली राष्ट्रवादमा भारत र चीनको मिस्कट नपरोस भनेर सतर्क थिए । नेपाली कांग्रेसका सभापति स्वर्गीय सुशील कोइरालाको नेतृत्वमा माओवादी पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एमालेका अध्यक्ष केपी ओली लगायतका नेताहरुले बनाएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान राष्ट्रपति रामवरण यादवको बाहुलीबाट बडो नाटकीय ढंगले लोकार्पण भयो ।

अहिले जमाना बदलिएकोछ । दशबर्ष लगाएर बडो कष्टका साथ ठसठसी कनी कनी लेखिएको थियो संविधान । संविधानका सन्दर्भमा भारतका हालका बिदेशमन्त्री जयशंकर प्रसाद काठमाडौं आएर थर्काउँदा पनि हामी थर्किएनौ भनेर नेपाली नेताहरु आफनो गुनगान अझै गाउँदैछन । उता जनता भने नेपालको संविधान 'सक्रिय निष्क्रियताको बाटोमा लागेको' अनुभवगर्न थालेका छन । किनभने, देशमा व्दन्व्द कायम नै छ । संविधानले एकै झमटमा गाउँका गाउँलाई नगरपालिका बनाएकोछ । तर, मानिसका सामान्य आबश्यकताको पहिचानगर्ने चेष्टा गरेको छैन । समावेशी शब्दको अर्थ र तात्पर्य दुबैको जानकारी छैन सरकार चलाउने पार्टीका नेतामा । जनयुध्दमा 'सत्र हजार जनता' मारिएकोमा माओवादीको सत्तो-सराप गर्नेहरु शाहीसेनाबाट मारिएका जनताको हिसाब-किताबगर्न उत्सुक देखिदैनन । जनयुध्दका समयमा भेरी, कर्णाली, तीला र पूर्व पश्चिमका अरु नदीहरुको भेलमा कतिलाई जवर्जस्ती हेलिएको थियो ? त्यो न माओवादीलाई थाह छ, न त सुनेकै आधारमा भएपनि कसैले त्यसको अभिलेख नै राखेकोछ ।

कुनैबेला एमालेका अध्यक्ष खड्गप्रसाद ओलीनेपालमा गणतन्त्र आउनेभनेको गोरुगाडा चढेर अमेरिका पुग्ने भने जस्तै हो भन्थे भन्ने चर्चा सबैतिर भएकोछ । उखान टुक्का र कथा कहानीमा रुचिराख्नेहरुका लागि धेरै नै चाखलाग्दो ब्यक्तित्व छ ओलीको । उनको नेतृत्वमा गठन भएको सरकारले बिदेश नीतिका आफना प्राथमिकता बदलेको थियो । भारतसंगको खुला सीमाना बन्द गरेर चीनसंग सीमा खुला गर्नुपर्ने बिचार जागृत हुँदैछन । उसो त, चीनसंग नेपालले बडो आदरार्थी सम्बन्ध राख्ने गरेकोछ । चीन चिढिएला भनेर राजाहरु समेत सतर्क रहन्थे । तिब्बत चीनमा गाभिंदा पनि नेपालको सरकार केही बोलेको थिएन । सन १९८९ मा चीनियाँ कम्युनिष्ट पार्टीका महासचिव तथा उदारवादी नेता हु याओ ब्यांगको निधनपछि उदारवादी शासनको निरन्तरताको मांगगर्दै बेइजिंगको तियानमेन स्क्वायरमा 'चार जूनको आन्दोलनगर्ने' युवा बिद्यार्थीहरुको दमन र हत्याका समाचार नेपालका भारदारवर्गले पढेकै छैन जस्तो पो छ !

अहिले एकथरि वामपन्थीहरु रन्थनिएका छन नेपालमा एमसीसीको उपस्थितिले । शीतयुध्द कालमा युरोप अमेरिकाका मानिसहरु जे कुरामा पनि फासीवादको संलग्नता देख्थे रे । उनीहरुलाई यो थाह छैन एमसीसी चीनकै बाटो आउँछ । आज नआए भोलि आउँछ । चीनसंग मूठभेड नगरेर उसलाई आर्थिक बिकासमा संलग्न गराउने नीति लिएका थिए अमेरिकाका राष्ट्रपति रिचर्ड निक्सनले । उनलाई यसमा सघाएका थिए हेनरी किसिंजरले । यसका लागि निक्सनले चीनको भ्रमण गरेका थिए सन १९७२ मा ।

कम्युनिष्टहरुका बीच शक्तिको झगडा सामान्य कुरा मानिन्छ । सोभियत संघसंगको सीमा युध्दले माओ उद्विग्न बनेका थिए । त्यही रन्कोमा उनले अमेरिकासंग मित्रताको हात बढाएका थिए ।

माओत्से तुंगमा ब्यबहारवाद प्रचूर मात्रामा थियो । उनको राजनीति र कूटनीति, नैतिक र सैध्दान्तिक आधारमा होइन, तत्कालीक परिस्थितिका आधारमा निर्भर हुन्थ्यो । उनी भन्थे, 'थोरै क्रान्ति, आबश्यकताका आधारमा धेरै कूटनीति ।' माओको यो नीतिको अबलम्बन चीनमा जारी छ । नयाँ चीनका नयाँ पुस्ताले त क्रान्तिको सपना पनि देख्न छाडेकाछन । यो सत्य हो, बितेको पचास बर्षमा आर्थिक बिकासमा चीनले फराकिलो छलांग मारेको छ । चीनका जनताले अनेकौं दुःख कष्ट सहेर अदम्य साहसका साथ बिकास गरेका छन ।

यो होइन कि, चीन अहिलेसम्म नेपाली राजनीतिमा लागेका मानिसहरुको 'मौलिक' चरित्रसंग अनभिज्ञ छ । त्यो मामिलामा चीनियाँहरु माहिर छन । चीनका नेताहरुले नेपाली नेताहरुको नाडी छामी सकेका छन । नेपाली जनताले सिनेमामा चीनको चुच्चे रेल देखेका छन । त्यसबाट आकर्षित भएका छन । त्यसैले, चीनका नेताहरु पूर्व राजदूतहरुलाई बेला बेलामा भाषणगर्न नेपाल पठाएर नेपाली जनतालाई उनीहरुको अभिलाषा पूरा हुन्छ भनेर आश्वस्त पार्न खोज्दैछन ।

हामीले जानेका छौं गफगर्न । हाम्रा सरकारहरुले जानेका छन छडके हान्न । आफना कार्यकर्ताहरुलाई सामाजिक संजालमा सक्रिय गराएर बिरोधीको मान-मर्दनगर्न । जनता कालापानी, लिम्पियाधुरा र लिपुलेकको चुच्चे नक्सा हेरेर दंग परेकोछ । चुच्चे नक्सा अनुसारको जमीनमा दावीगर्न सरकार नै पुगेको छैन । बिचरा हामी जनता । कान्तिपुरका रैथाने, पुरानिया र घरानिया भारदारहरुले काउकुती लगाइ दिएर सरकारलाई प्रसन्न तुल्याएका छन । हामी नेपाली 'सार' मा सबै कुरा बुझ्छौ - जस्तो गीतासार । श्रीकृष्णले अठार अध्यायमा लेखेको गीताको चूरो जम्मा आठ पंक्तिमा ।

एकताका शहरका पुस्तक पसलहरुमा एउटा पोष्टर पाइन्थ्यो - कस्ता मानिस मरेपछि कस्तो नर्कमा जाकिन्छन ? आजकाल त्यस्तो पोष्टर कसैले बेच्दैन । किनभने, अहिले देशको अवस्था र नर्कका अवस्थाका बीच कुनै भेद छैन । नर्क पनि यो भन्दा खराब त के होला र ?

# "धोती" पौराणिक पोशाक



**- प्रफुल्ल घिमिरे**


सनातन धर्मावलम्बीहरुले पौराणिक काल देखि वस्त्रको रुपमा प्रयोग गरिदैं आइरहेको पोसाक धोतीलाई नेपालमा एउटा खास समुदायलाई होच्याउन, गिज्याउन मजाक उडाउन "धोती" भनेर यि शब्दको प्रयोग भइरहेका छन। यो दुर्भाग्यपूर्ण हो । जानेर होस या नजानेर धोतीको महत्व बुझ्दै नबुझि एउटा ठुलै सनुदायले पहिरनको रुपमा प्रयोग गर्दै आइरहेको पौराणिक वस्त्रको नाउँ

"धोती " शब्द उच्चारण गरेर एउटा खास समुदायलाई होच्याउने प्रवृत्तिले मूलुकलाई गलत मार्गमा न डोर्‍याउला भनेर भन्न सकिदैन । जब आफुलाई जिम्मेवार राजनीतिक दल भन्न रुचाउने एमालेका शिर्षस्थ नेतृत्वहरु एंव ती दलका कार्यकर्ताहरूले आफ्नो अभिष्ट पूरा गर्न जब त्यस्ता शब्दहरु अति रञ्जित रूपमा प्रयोग गर्ने गरेका छ्न भने आम नागरिकले प्रयोग गरेकोमा के आश्चर्य मान्नु ? आज नेपालमा हाम्रा आमा दिदीबहिनी, मधेसी ,थारु ,जनजाती ,खस आर्य तथा हिन्दू धर्मावलम्बीले लगाउने पोसाकको मजाक उडाइदैं छ। हाम्रा दिदीबहिनी, आमाले लगाउदा संस्कृतिको रक्षा हुने , ब्राह्मण एंव हिदु धर्मावलम्बीहरुले लगाउदा संस्कर हुने अनि ती धोती मधेसी, थारु, जनजाति, आर्य आदिले लगाउदा होच्याउने मानसिक दरिद्रताको परकाष्ठा हो । "धोती " भनेर कसैलाई, कुनै समुदायलाई लक्षित गरेर होच्याउनु भन्दा पहिले " धोती" को महत्त्वको सम्बन्धमा बुझ्नु राम्रो हुने थियो । शारीरिक, मनोबैज्ञानिक तथा अध्यात्मिक दृस्ठिकोणले लाभयुक्त वस्त्रको रुपमा रहेको पौराणिक वस्त्र "धोती" लाई लिएर कसैले पनि गलत मनशायले " धोती " शब्द उच्चारण गरेर कसैलाई कुनै समुदायलाई होच्यान खोज्नु सनातन हिन्दु धर्मावलम्बीहरुको अपमान हो । यस्ता प्रवृत्ति भएका राजनीतिक दल, त्यस्का नेतृत्व तथा जोसुकैलाई पनि समयमै दुरुत्साहित गर्न सक्नुपर्छ ।

हुन त विश्व कै सबै भन्दा प्राचीन लामो पोसाक रूपमा रहेको एउटा वस्त्र हो धोती । सबैभन्दा लामो र सबैभन्दा पुरानो पौराणिक पोशाकमा यसलाई गणना गर्ने गरिन्छ । संस्कृतको "धौत" शब्दबाट आएको "धोति" नौ गज लामो अढाई गज चौडा न सिएको आयातकार कपडाको एउटा टुकडा हो यो। यसको पहिरन प्रारम्भ कहिले देखि भयो भन्ने निश्चित नभएता पनि देवी देवता , ऋृषि मुनिहरुको पहिरनमा धोती नै देखिएको हुँदा यस वस्त्रलाई पौराणिक पोशाकका रुपमा मानिएको छ।

तर सनातन धर्म संस्कृतिमा आश्था राख्ने समुदाय एंव साधु संत , महात्मा लगायत अनेकौं साधारण मनुष्यको जिवनमा यस धोतीको धेरै महत्व रहेको छादेवी-देवता, ऋृषि-मुनीहरुले पनि वस्त्रको रुपमा धोती नै धारण गरेको पाइन्छ । सम्पुर्ण हिन्दु समुदायले विभिन्न क्षेत्रमा विभिन्न नाउँबाट विभिन्न शैलीमा धोती लगाउने गरदछन । विभिन्न समुदायमा विभिन्न शैलीमा लगाउने कारणबाट यसको व्यापकता नै रहेको छ ।

नेपालका विभिन्न भूगोल , क्षेत्रमा जलवायु , धर्म संस्कृति एंव परम्परागत आधारमा लगाइने भिन्न भिन्न प्रकारको पोसाकहरु मध्येको धोती पनि एउटा पवित्र सात्विक सनातन धर्मावलम्बीहरुको महत्त्वपूर्ण नेपाली पोसाक हो । नेपालमा बिशेष गरेर तराई-मधेसमा मैथिली, ब्राह्मण आदिवासी ,जनजाति, थारू , मगर तथा मधेसी समुदायले लगाउने प्रमुख वस्त्र नै हो धोती । वर्तमान परिवेशमा बिशेष गरेर तराई मधेसको पहिचानको रुपमा स्थापित हुन पुगेको



धोतीको अन्य क्षेत्र तथा परम्परागत रुपमा लगाउदै आइरहेका ब्राह्मण समुदायमा पनि यस पहिरनको व्यापक नै महत्त्व रहेको छ। धेरै जसो ब्राह्मणहरुले धोती लगाएर आफ्नो धर्म संस्कृतिका मूल्य मान्यता तथ परम्पराहरुलाई कायमै राखेका छ्न। जबकि धार्मिक मान्यता अनुसार यज्ञ, हवन, पुजा पाठमा महिलाहरुले साडी, पुरुष र ब्राह्मणले धोती लगाउनु पर्छ।

सनातन धर्मावलम्बीहरुको पौराणिक पारम्पारिक भेषभुषाको एउटा पोशाक हो। प्राचीन काल देखि नै धार्मिक कार्य ,संस्कार ,पुजा पाठका लागी उत्तम वस्त्र मानिएको छ। सात्विक वस्त्र हो। लगाउदा हलुका महसुस हुन्छ। सुविधाजनक छ। हिन्दु धर्ममा स्त्री एंव पुरुषद्वारा धारण गर्ने वस्त्रहरुको रचना देवताहरुले गरेका हुन । यसैले यो वस्त्रले शिव एंव शक्तित्तत्वको जागृत गर्दछ। स्त्रीहरुको वस्त्र साडीबाट शक्तित्तत्व एंव पुरुषहरूको वस्त्र धोतिबाट शिवतत्व जागृत हुदछ। शास्त्र अनुसार वस्त्र धारण गर्नाले हामिलाइ आफ्नो वास्तविक स्वरुपको परिचय र अनुभव हुन्छ । साथै हाम्रो अध्यात्मिक शक्तिको ब्यय हुँदैन । देवताहरुद्वारा निर्मित वस्त्र लगाउनाले स्थूल देह एंव मनोदेहको लागि आवश्यक शक्ति आप से आप प्राप्त हुन्छ। हिन्दू धर्म अनुसार वर्षभरि अनेकौं चाड पर्व , व्रत , उत्सवहरु मनाउने गरिन्छ । साथै विभिन्न पुजा पाठ , ब्रतबन्ध , विवाह जस्ता धार्मिक अन्य कार्यहरू पनि गरिने गरिन्छ । श्रीराम नवमी , श्रीजानकी नवमी, जन्माष्टमी, हनुमान जंयती , संतहरुको प्रकटोत्सव लगायत आदि दिनहरूमा विशिष्ट देवी देवता एंव संतहरुको तत्व अधिक मात्रामा कार्यरत रहँदछन । धार्मिक कार्यको समयमा हामी पुजास्थलमा देवताहरुको आव्हान गर्दछौं। त्यसैले देवताहरुको त्यहाँ उपस्थिति रहँदछन। तात्पर्य यो हो कि त्यस विशिस्ट दिनमा ईश्वरीय चैतन्य अधिक मात्रामा कार्यरत रहँदछ। त्यसदिन हिन्दू धर्मको परंपरा अनुसार सात्विक वस्त्र धारण गर्नाले त्यस चैतन्यको हामीलाई अधिक लाभ प्राप्त हुन सक्दछ।

हिन्दु धर्म संस्कृतिमा आस्था राख्नेहरु खास ब्राह्मण समुदाय ,साधु सन्त, महात्मा लगायत अनेकौं साधरण जन मानसको जिवनमा महत्वपूर्ण स्थान ओगटेको पवित्र स्वच्छ पहिरन धोति सनातन धार्मिक जिवनमा पुजा कर्मकाण्ड ,संस्कारहरुमा अनिवार्य गरिएको छ ।

हिन्दु धार्मिक शास्त्रहरुले धर्म कार्य तथा संस्कारहरुमा पवित्र कपडा लगाउन भनिएको छ । श्रद्धालुहरुलाई धर्म कार्य एंव संस्कारहरुमा धोती लगाउन अनिवार्य गरिएकोले सो अनुसार धार्मिक कर्मकाण्डमा बिना सिलाइको वस्त्र धोती लगाउने परम्परा चल्दै आएको हो। कुनै पनि प्रकारको सिलाइ नभएको कपडा पवित्र धोती लगाएर पुजा संस्कारका कर्मकाण्ड गर्ने पौराणिक काल देखि नै परम्परागत रुपमा हुँदै आएको छ। तर वर्तमान समयमा धोती लगाउने चलन धेरै नै कम हुदै गइरहेको छ । अब त ब्राह्मणहरुमा मात्र सिमित हुन पुग्या छ। परापुर्व कालमा धोती लगाए बिना गरेको पुजा पाठ कर्मकाण्डलाई पुर्ण मानिदैन थियो। प्राचीन काल देखी पारम्परिक पहिरनको रुपमा रहेको धोती धेरै नै उपयोगी आरामदायक वस्त्र हो। यसले शरीर छोप्नुको साथै हाम्रो विचारमा पनि परिवर्तन ल्याउदछ। पुजाका शुद्ध सात्विक यस वस्त्रले हाम्रो हृदयमा अध्यात्मिक भाव उत्पन्न गराउदछ।

यो लगाउदा उठन,बस्न र सुत्न कुनै अप्ठ्यारो हुदैंन। बारम्बार लुगा फेर्ने समस्याबाट समेत मुक्ति दिलाउछ। शरीरको तापक्रम नियंत्रित राख्दै नंपुसकता आउन दिदैंन । रुमालको साटो लपेटन र लगाउन पनि सकिन्छ । समानहरुलाई यसमा पोको पारेर ल्याउन , लैजान पनि सकिन्छ । धोती एक मात्र वस्त्र हो जसमा कुनै फिटिंगको झन्झट छैन । किनेर हाथोंहाथ लगाउन सकिन्छ । सिलाउनु पर्ने केहि सम्स्या हुदैन । मानव जिवनमा बहु उपयोगि वस्त्रको रुपमा रहेको धोती जीवन पद्धतिसंग गाँसिएको छ । शुद्ध कपासले बनेको सुति कपडाको धोती हावादार सुविधाजन्य हुदँछ। धोती लगाउदा शरीरको रोम छिद्रहरुले शुद्ध प्राण वायु प्राप्त गर्दछ । हृर्दयमा सात्विक निर्मल भाव उत्पन्न गराउद छ । अत : धोती लगाएर नै धार्मिक संस्कार कर्मकाण्ड पुजा अर्चना गर्ने गरिन्छ ।

मनुष्यको मृत्यु हुँदा आत्मालाई बंधन मुक्त गर्ने अध्यात्मिक दृस्ठिकोणबाट शरीर माथी धोती राखिने गरिन्छ। जसलाई अंतिम संस्कार यात्रा पनि भनिन्छ । जन्म देखि मृत्यु सम्मका संस्कार , पुजा-पाठ,धार्मिक कार्य, अनुष्ठानहरुमा न भइ नहुने सनातन धर्मावलम्बीहरुको शात्विक वस्त्र "धोती " को सम्मान गर्न सिकौं। धर्म, संस्कृति, आफ्नो संस्कर ,मूल्य मान्यता लाई नबिर्सौं । कसैलाई पनि धोती भनेर होच्याउनु भन्दा पहिले एक पल्ट सोचौं। के हामीले आफैले आफैलाई , आफ्नो मूल्य मान्यता, धर्म र संस्कारलाई त गाली गरिरहेका छैनौं ? अस्तुः

## समानुपातिकतर्फ एमालेको अग्रता, कांग्रेस दोस्रो

काठमाण्डु । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत प्रतिनिधिसभा सदस्यको समानुपातिक प्रणालीतर्फ हालसम्म एक करोड चार लाख चार हजार सात सय ६६ मतगणना सम्पन्न भएको छ।


निर्वाचन आयोगको सूचना प्रणालीमा प्रविष्ट भएअनुसार नेकपा (एमाले) ले २७ लाख ८३ हजार तीन सय ८८ मत प्राप्त गरेको छ भने नेपाली कांग्रेसले २६ लाख ५२ हजार छ सय २८ मतसहित दोस्रो स्थानमा रहेको छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले ११ लाख ६१ हजार आठ सय ८०, राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख २३ हजार ७८, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ८६ हजार दुई सय ५९, जनता समाजवादी पार्टी नेपालले चार लाख २० हजार नौ सय ४३ र जनमत पार्टीले तीन लाख ९४ हजार तीन सय ८५ मत प्राप्त गरेका छन्।

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ एक सय ६५ क्षेत्रमध्ये एक सय ६२ क्षेत्रको परिणाम सार्वजनिक भइसकेको छ। स्याङ्जा क्षेत्र नं २, दोलखा र बाजुराको परिणाम आउन बाँकी छ।

प्रतिनिधिसभातर्फ पछिल्लो मतपरिणामअनुसार कांग्रेस ५५ स्थानमा विजयी भएको छ भने एमालेले ४४ स्थानमा जित हासिल गर्दै दोस्रो स्थान कायम गरेको छ। यस्तै माओवादी केन्द्र १७, नेकपा (एकीकृत समाजवादी) १०, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले समान सात स्थानमा जित हासिल गरेका छन्। रासस

# अपाङ्गता भएका व्यक्तिको अधिकार पहुँच सुनिश्चित गर्नु सबैको दायित्व हो : प्रम देउवा



काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै उनीहरूलाई राज्यबाट प्रदान गरिने सेवा सुविधामा सहज र प्राथमिकतायुक्त पहुँच सुनिश्चित गर्नु सबैको साझा दायित्व भएको उल्लेख गर्नुभएको छ।

३१औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा शुभकामना दिँदै उहाँले नेपालको संविधानले आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने कुराको प्रत्याभूति गरेको बताउनुभएको छ।

प्रधानमन्त्री देउवाले सोहीअनुसार अपाङ्गता भएका नागरिकलाई शिक्षा, स्वास्थ्य, रोजगारी आदिमा विशेष प्राथमिकता दिँदै उनीहरूको सामाजिक पुनःस्थापना, सामाजिक न्याय र संरक्षणको लागि सरकारले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको जानकारी गराउनुभएको छ।

संयुक्त राष्ट्र सङ्घको आह्वानमा प्रत्येक वर्ष डिसेम्बर ३ का दिनलाई अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाइँदै आइएको छ । यस क्रममा यस वर्ष ३१औँ अन्तर्राष्ट्रिय दिवस 'समावेशी विकासका लागि रूपान्तरित समाधान : पहुँचयुक्त र समतामूलक विश्वका लागि ऊर्जावान सिर्जनशीलताको प्रावधान' भन्ने राष्ट्रिय नाराका साथ विभिन्न कार्यक्रम आयोजना गरी मनाउन लागिएको छ । दिवसका अवसरमा उहाँले स्वदेश तथा विश्वभरका अपाङ्गता भएका दिदीबहिनी, दाजुभाइ, अभिभावक, यस क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी संघसंस्था, नागरिक समाजलगायत सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाप्रति शुभकामना व्यक्त गर्नुभएको छ।

प्रधानमन्त्री देउवाले अपाङ्गताको गाम्भीर्यको आधारमा अपाङ्गता भएका व्यक्तिलाई राज्यबाट प्रदान गरिने सुविधामा क्रमशः वृद्धि गर्दै लगिएको अवगत गराउँदै अपाङ्गता भएका व्यक्तिलाई स्वावलम्बी बनाउन आत्मनिर्भर जीवन जिउन सक्ने परिस्थिति निर्माणका लागि सरकारले रोजगार तथा स्वरोजगारका लक्षित कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभएको छ। आगामी दिनमा यी कार्यक्रमलाई अझ विस्तार गर्दै जाने सरकारको नीति छ।

"मर्यादित, स्वावलम्बी र आत्मनिर्भर जीवनयापनका लागि अपाङ्गता भएका व्यक्तिले भोगिरहेका भौतिक, दृष्टिकोणजन्य, कानुनी र सधारमा रहेका अवरोधलाई न्यूनीकरण गर्दै सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि राज्यको सेवा सुविधामा सरल र सहज पहुँचयुक्त वातावरण निर्माण गर्नु आजको आवश्यकता हो । नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको समेत पक्ष राष्ट्र भइसकेको सन्दर्भमा उक्त महासन्धिमा उल्लेख भएका विषयलाई नेपालको संविधान, सम्बन्धित ऐन, कानुनमा समावेश गरी अपाङ्गता भएका व्यक्तिको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारलाई सम्मानजनक ढङ्गबाट सम्बोधन गर्दै अघि बढिरहेको छ", उहाँले शुभकामना सन्देशमा उल्लेख गर्नुभएको छ। सरकारको यो प्रयासमा निजी क्षेत्र, नागरिक समाज तथा सबै राष्ट्रिय तथा गैरसरकारी सङ्घसंस्थाको सहयोग र सद्भाव आवश्यक रहेको उहाँको भनाइ छ।

प्रधानमन्त्री देउवाले कोही पनि पछाडि नपरून् भन्ने दिगो विकासको लक्ष्यअनुसार सरकारले अपाङ्गता भएका व्यक्तिको सहज दैनिक जीवनयापन सुनिश्चित गर्न विकासका सबै आयामहरूलाई अपाङ्गमैत्री बनाउने कार्यलाई निरन्तरता दिँदै आएको उल्लेख गर्नुभएको छ। यस अवसरमा अपाङ्गता भएका व्यक्तिलगायत सबै सीमान्तकृत समुदायका नागरिकको समस्या र आवश्यकतालाई सम्बोधन गर्न सरकारले आफ्नो क्षमताले भ्याएसम्म विशेष पहल गर्दै जाने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

उहाँले यस दिवसले अपाङ्गता भएका व्यक्तिको संरक्षण र सशक्तीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्था र सम्बन्धित सबै सरोकारवालालाई अपाङ्गता भएका व्यक्तिको हक, हित र अधिकार प्रवर्द्धनको क्षेत्रमा अझ बढी एकीकृत र समन्वयात्मक तरिकाले उच्च समर्पणभावका साथ कार्य क्षेत्रमा उत्रन थप प्रेरणा र ऊर्जा मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभएको छ ।रासस

# निर्वाचनको परिणाम आएसँगै दलका कार्यालय रङ्गरोगन गरिँदै




काठमाण्डु । सङ्घीय संसद् सचिवालयले प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको नतिजा सार्वजनिक भएसँगै राजनीतिक दलका लागि कार्यालय व्यवस्थापन, रङ्गरोगन र सरसफाइ सुरु गरेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको नतिजाका आधारमा कार्यालय व्यवस्थापन गर्नुपर्ने दलको सङ्ख्या आकलन गरी संसद् सचिवालयले तयारी सुरु गरेको हो।

कम्तीमा दुई सांसद रहेको दलले संसदीय दल खोल्न कानुनी प्रावधान रहेकाले उनीहरूको दल गठन भएपछि सञ्चालनका लागि कार्यालय र स्थान उपलब्ध गराउने गृहकार्य सचिवालयले सुरु गरेको प्रवक्ता डा रोजनाथ पाण्डेले बताउनुभयो । सचिवालयले विगतमा राजनीतिक दलले प्रयोग गरेको संसदीय दल कार्यालयको सरसफाइ, रङ्गरोगन, फूल बिरुवा रोपणजस्ता काम अहिले गरिरहेको छ।

सचिवालयले त्यसका लागि नयाँ बानेश्वरस्थित संसद् भवन र सिंहदरबारमा दल विशेषको सङ्ख्याका आधारमा कोठा उपलब्ध गराउनेछ । दल र सांसदको सुविधासम्बन्धी ऐनमा १० सांसद भएमा त्यस्ता दलका पदाधिकारी अर्थात् संसदीय दलका नेता र सचेतकलाई कार्यालय तथा फर्निचर सुविधा उपलब्ध गराउनुपर्ने भएकाले सचिवालय त्यो कामको तयारीमा अघि बढेको प्रवक्ता डा पाण्डेले जानकारी दिनुभयो।

नवनिर्वाचित सदस्यको पद तथा गोपनीयताको शपथ सकिएलगत्तै संसद्को प्रतीक चिह्न (लोगो) संविधान, ऐन, संसदीय नियमावली र समितिका कार्यविधि, डायरी, कलम, परिचय पुस्तिकालगायत आवश्यक कागजात उपलब्ध गराउने प्रचलन छ । नयाँ प्रवेशीलाई संसदीय अभ्यासबारे आधारभूत जानकारी दिलाउन सचिवालयले संसदीय विधि र प्रक्रियाबारे केन्द्रित रही अभिमुखीकरण प्रदान गर्ने गर्छ।

संसदीय प्रक्रिया र कार्यान्वयनमा लैजाने विषयवस्तुबारे केन्द्रित रही सचिवालयको भूमिका, संसदीय समितिको भूमिका र सभा सञ्चालनका विषयमा ज्ञान दिइनेछ । ज्येष्ठ सदस्यको अध्यक्षतामा सङ्घीय संसद्को अबको पहिलो बैठकले सभामुखको निर्वाचनसम्बन्धी प्रक्रिया अघि बढाउन अनुमति दिनेछ । त्यसपछिका बैठकमा मात्र अरू बिजनेस अघि बढ्नेछ।

सङ्घीय संसद्को सिंहदरबार स्थित नयाँ भवन निर्माण कार्य पूरा नभएकाले यो अधिवेशन बानेश्वरमा हुँदै आएको पुरानै भवनमा हुनेछ । त्यसअघि हुने नवप्रवेशी सांसदको शपथ ग्रहण पनि सोही भवनको ल्होत्से कक्षमा हुनेछ ।रासस

# जो ३० हजार बढी मत प्राप्त गरेर पनि पराजित भए



काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ मा २० जना उम्मेदवार ३० हजारभन्दा बढी मत प्राप्त गरेर पनि पराजित भएका छन् । जसमा नेपाली कांग्रेसका आठ, नेकपा (एमाले) का सात, नेकपा (माओवादी केन्द्र)का तीन, नेकपा (एकीकृत समाजवादी)का एक र राष्ट्रिय जनमोर्चाका एक उम्मेदवार ३० हजारभन्दा बढी मत प्राप्त गर्दा पनि पराजित हुनु परेको छ।

प्रदेश नं १ बाट पाँचथर-१ मा नेपाली कांग्रेसका भीष्मराज आङदेम्वेले ३२ हजार ८९ मत प्राप्त गरे पनि ४६ मतान्तरले पराजित हुनुभयो । कांग्रेसकै कृष्णप्रसाद सिटौला पनि झापा-३ मा ३७ हजार तीन सय ८६ मत प्राप्त गर्दा पनि पराजित हुनुभयो।

मोरङ-२ मा कांग्रेसकी सुजाता कोइरालाले ३१ हजार नौ सय ४०, सुनसरी-३ मा कांग्रेसका विजयकुमार गच्छदारले ३५ हजार छ सय, सुनसरी-४ मा नेकपा (एमाले)का जगदीशप्रसाद कुसियैतले ३० हजार तीन सय ७१ मत प्राप्त गरे पनि विजयी हुन सक्नुभएन। त्यस्तै मधेस प्रदेशबाट सर्लाही-३ मा नेकपा (माओवादी केन्द्र)का नरेन्द्र साह कलवारले ३२ हजार एक सय ६८ र बारा-१ मा कांग्रेसका उमाकान्त चौधरीले ३० हजार ५६ मत प्राप्त हुँदा पनि पराजित हुनुभयो।

बागमती प्रदेशमा रामेछाप-१ मा एमालेका कैलाशप्रसाद ढुङ्गेलले ३० हजार सात सय ३० मत, काभ्रेपलाञ्चोक-१ मा एमालेका रेशमबहादुर लामाले ३० हजार पाँच सय ४८ मत, काभ्रेपलाञ्चोक-२ मा कांग्रेसका शिवप्रसाद हुमागाईंले ३९ हजार चार सय ८२ मत, मकवानपुर-२ मा नेकपा (एकीकृत समाजवादी) का विरोध खतिवडाले ३० हजार चार सय ३२ मत प्राप्त भएर पनि पराजित हुनुभएको छ।

गण्डकी प्रदेशबाट लमजुङ-१ मा माओवादी केन्द्रका देवप्रसाद गुरुङलाई ३१ हजार सात सय ९१ मत, नवलपरासी बर्दघाट सुस्तापूर्व-२ मा एमालेका तिलबहादुर महत क्षेत्रीलाई ३४ हजार एक सय १० मत पाएर पनि हार बेहोर्नुपर्‍यो।

यस्तै लुम्बिनी प्रदेशबाट गुल्मी-१ मा एमालेका प्रदीपकुमार ज्ञवालीले ३२ हजार एक सय ५२ मत, अर्घाखाँची-१ मा कांग्रेसकी पुष्पा भुसालले (गौतम) ४० हजार नौ सय ४५ मत, रुपन्देही-३ मा कांग्रेसका बालकृष्ण खाँणले ३४ हजार ३६, कपिलवस्तु-२ मा एमालेका बृजेशकुमार गुप्तले ३८ हजार छ सय ९७ मत, प्यूठान-१ मा राष्ट्रिय जनमोर्चाका दुर्गा पौडेलले ३५ हजार आठ सय १४ मत प्राप्त भए पनि पराजित हुनुभएको हो । कर्णाली प्रदेशमा सुर्खेत-१ मा एमालेका धुव्रकुमार शाहीलाई ३० हजार नौ सय ८८ मतदान भएर पराजित हुनुभएको हो । सुदूरपश्चिम प्रदेशमा बैतडी-१ मा माओवादी केन्द्रका नरेन्द्रबहादुर कुँवर ३२ हजार ८० मत पाएर पनि पराजित हुनुभएको निर्वाचन आयोगले जनाएको छ ।रासस

# अपाङ्गता भएका व्यक्तिको जीवन सुनिश्चित गर्ने दायित्व राज्यको हो : मन्त्री खापुङ

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङले अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक र सहभागितामूलक जीवन सुनिश्चित गर्ने दायित्व राज्यको भएको बताउनुभएको छ।

अपाङ्गता भएका व्यक्तिको ३१औँ अन्तर्राष्ट्रिय दिवसका अवसरमा आज स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले यहाँ आयोजना गरेको अन्तरर्क्रियामा शुभकामना सन्देश दिँदै उहाँले समावेशी नभएको समाज कहिल्यै सभ्य र विकसित नहुने बताउनुभयो।

अपाङ्गता भएका व्यक्तिहरू अझै पनि समावेशिताको नामबाट वञ्चित रहेको उल्लेख गर्दै उहाँले स्वास्थ्य तथा विकासका अन्य कार्यक्रमले अपाङ्गता भएका व्यक्तिलाई केन्द्रमा राखी अघि बढ्न आग्रह गर्नुभयो। उहाँले अपाङ्गता भएका व्यक्तिले देश विकासमा पुर्‍याएको योगदानको समेत चर्चा गर्नुभयो। स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेलले नेपालले अपाङ्गतासम्बन्धी महासन्धि अनुमोदन गरिसकेकाले समावेशी स्वास्थ्य, पुनःस्थापना र सहायक स्वास्थ्य सामग्री अपाङ्गता भएका व्यक्तिको हक तथा अधिकार सुनिश्चित गर्ने माध्यम रहेको बताउनुभयो।

स्वास्थ्यका हरेक कार्यक्रममा अपाङ्गता भएका व्यक्तिलाई केन्द्रमा राखी अघि बढ्न उहाँले आग्रह गर्नुभयो । अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य प्रणालीमा ल्याउनसमेत उहाँले अनुरोध गर्नुभयो । विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले अपाङ्गता भएका व्यक्तिको पुनःस्थापना सरकारले एक्लैले मात्र गर्न नसक्ने उल्लेख गर्दै सबैको सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँले हरेक नागरिकको स्वास्थ्य अवस्थाबारे जानकारी दिन तीन/तीन महिनामा घरदैलो कार्यक्रम गर्नुपर्नेसमेत बताउनुभयो।

महाशाखाका निर्देशक डा चुमनलाल दासले अपाङ्गता भएका कारणले स्वास्थ्यमा थप जोखिम देखिएको अपाङ्गतालाई जति सक्दो चाँडो स्वास्थ्य उपचार उपलब्ध गराउनुपर्ने बताउनुभयो। उहाँले दुर्गम क्षेत्रका अपाङ्गता भएका व्यक्तिलाई समेट्न गरी नेपालको स्वास्थ्य प्रणालीलाई अपाङ्गता समावेशी बनाउने अभियान भइरहेको जानकारी दिनुभयो । उहाँले अपाङ्गता भएका व्यक्तिलाई सहज सेवा उपलब्ध गराउन नयाँ बन्ने भौतिक पूर्वाधारमा अपाङ्गमैत्री बनाउन आफूहरूले निर्देशन दिएको बताउनुभयो।

महाशाखाको कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका प्रमुख डा प्रसन्न नापितले अपाङ्गता भएका व्यक्तिमा मधुमेह, कुषोषण जस्ता रोग बढी देखिने भएकालाई उनीहरूलाई स्वास्थ्यको पहुँच सहज बनाउनुपर्ने बताउनुभयो । उहाँका अनुसार अपाङ्गता भएका व्यक्तिमा तीन गुणा बढी मधुमेह र अपाङ्गता भएको बच्चामा कुपोषित हुने सम्भावना दुई गुणा बढी हुन्छ।

नेपाल जनसङ्ख्यिय तथा स्वास्थ्य सर्वेक्षणले अपाङ्गता भएका व्यक्तिको छ प्रतिशत जनसङ्ख्याको क्रियात्मक क्षमतामा अति र तीव्र किसिमको कमी रहेको देखाएको छ । तेईस प्रतिशतमा मध्यम किसिमको कमी देखिएको छ । यस्तै अपाङ्गता भएका व्यक्तिमध्ये ८० प्रतिशतको पुनःस्थापना सेवामा पहुँच नभएको, ६४ दशमलव आठ प्रतिशत स्वास्थ्य सूचनामा पहुँच नभएको र २९ दशमलव दुई प्रतिशत अन्य स्वास्थ्य सेवामा पहुँच नपुगेको उल्लेख गरिएको छ ।रासस


## Invitation for Electronic Bids

**Ganeshman Charnath Municipality**

**Office of the Municipal Executive**

**Birendra Bazzar ,Dhanusha**

**Bid Publication date: 2079-08-18**

1. The Ganeshman Charnath municipality, Office of the municipal executive, Birendra Bazzar, Dhanusha invites electronic bids from eligible bidders for the procurement of Goods under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations as mentioned in the table below.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ganeshman Charnath Municipality, Office of Municipal Executive, Birendrabazar, Dhanusha or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900071
   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Pre-bid meeting shall be held at Office of Ganeshman Charnath Municipality, Birendrabajar at 14:00 on 2079/09/08.
5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of the Ganeshman Charnath Municipality, Birendrabazar on or before 12:00 noon on 2079-09-19. Bids received after this deadline will be rejected.
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2079-09-19 at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha. Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :**80102119
   **Office Account no.:** 0710086327900091 (GMC Sthaniya Tah Dharauti Ga-3)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S. N. | Contract Identificaiton No. | Description of Goods/Works | Bid Security | Bid Price | Remarks |
|---|---|---|---|---|---|
| 1 | GCM/NCB/Goods/ 14/2079-80 | Procurement of Medicine | 90000.00 | 3000.00 | |
| 2 | GCM/NCB/Goods/ 15/2079-80 | Procurement of Stationery Items | 70000.00 | 3000.00 | |

**Chief Administrative Officer**



चिनियाँ र लाओका कर्मचारीहरूले लुआङ प्राबाङ, लाओसमा रेलमार्गको मर्मत सम्भार गर्दैछन् । चीन-लाओस रेलवेले चिनियाँ र लाओबीचको मित्रतालाई गहिरो बनाएको छ। कर्मचारी र दुवै देश र जनतालाई विकास अवसर प्रदान गर्यो । चीन-लाओस मित्रताको प्रतीक र लाओसको भूपरिवेष्ठित स्थितिमा विजयको रूपमा, रेलवेको लाओ खण्डले आफ्नो सुरुवातदेखि लाओ जनताका लागि एक लाख १० हजार भन्दा बढी रोजगारीहरू सिर्जना गरेको छ र आफ्नो व्यावसायिक करियर पछ्याउने असंख्य चिनियाँ र स्थानीय युवा प्रतिभाहरूको चासो आकर्षित गरेको छ।

*तस्विर : सिन्ह्वा*

# कङ्गोमा 'नरसंहार'मा १०० भन्दा बढीको मृत्यु



**एएफपी**

किन्शासा । कङ्गोको पूर्वी क्षेत्रमा नागरिकको कथित नरसंहारपछि शनिबारदेखि तीन दिने राष्ट्रिय शोक सुरु भएको छ।

गोमा शहरबाट करिब ७० किलोमिटर उत्तरमा रहेको किशीशे गाउँमा एम २३ लडाकू समूहले ५० जनाको हत्या गरेको आरोप गत बिहीबार सरकारले लगाएको थियो।

एम २३ ले जवाफी हमला गर्दै आरोपहरू 'आधारहीन' भएको र आफ्नो आक्रमण नागरिकहरूप्रति लक्षित गरेको कुरालाई अस्वीकार गरेको छ।

सरकारका प्रवक्ता प्याट्रिक मुयायाका अनुसार शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकमा डीआरसीका अध्यक्ष फेलिक्स शिसेकेदीले किशिशेमा १०० भन्दा बढी नागरिकको नरसंहार भएको भन्दै घटनाको कडा शब्दमा निन्दा गर्नुभएको छ।

शिसेकेदीले तीन दिनको राष्ट्रिय शोक घोषणा गर्न सरकारलाई निर्देशन दिएको र देशभर झण्डा आधा झुकाइने उहाँले जानकारी दिनुभयो।

मुयायाले भन्नुभयो,"शोकको अवधि सोमबार टेलिभिजनमा पीडितहरूको सहयोगका लागि आयोजित चन्दा सङ्कलन कार्यक्रमबाट अन्त्य हुनेछ।

उक्त नरसंहारको खबर सार्वजनिक भएदेखि नै स्वतन्त्र छानबिनको माग उठ्न थालेको छ । राष्ट्रपतिले न्यायमन्त्रीलाई अविलम्ब आन्तरिक अनुसन्धान सुरु गर्न र यस युद्ध अपराधबारे प्रकाश पार्न अन्तर र्राष्ट्रिय अनुसन्धानका लागि काम गर्न आग्रह गरेको मुयायाले बताउनुभयो । वर्षौंदेखि सुषुप्त अवस्थामा रहँदै आएको एम २३ कङ्गोली तुत्सी विद्रोही समूह हो।

उसले गत वर्ष नोभेम्बरमा फेरि हतियार उठाएको थियो र जुनमा युगान्डासँगको सीमामा रहेको बुनागाना शहर कब्जा गरेको थियो।

उक्त समूह केही समयको शान्तिपछि अक्टोबरमा फेरि आक्रमणमा उत्रियो र आफ्नो नियन्त्रणमा रहेको क्षेत्रलाई व्यापक रूपमा विस्तार गर्दै गोमातर्फ अघि बढेको छ।

किन्सासाले आफ्नो सानो छिमेकी रुवान्डाले एम २३ लाई सहयोग गरेको आरोप लगाउँदै आएको छ। यो संयुक्त राष्ट्रसङ्घका विज्ञ र अमेरिकी अधिकारीहरूले पनि हालैका महिनाहरूमा औंल्याएका छन् । किगालीले उक्त आरोप अस्वीकार गर्दै आएको छ।

# संयुक्त राष्ट्रसंघलाई मध्यपूर्वमा शान्ति स्थापना लागि आह्वान

**सिन्ह्वा**

रमल्लाह । प्यालेस्टाइनका प्रधानमन्त्री मोहम्मद इश्तेयले शुक्रबार इजरायलसँगको द्वन्द्व अन्त्य गर्न मध्यपूर्वमा शान्ति स्थापनार्थ पहल गर्न संयुक्त राष्ट्रसंघलाई आह्वान गरेका छन्।

संयुक्त राष्ट्र संघको पश्चिम एशियाको आर्थिक तथा सामाजिक आयोगले प्यालेस्टिनीसँगको अन्तरराष्ट्रिय ऐक्यबद्धता दिवसको उपलक्ष्यमा न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा आयोजना गरेको भर्चुअल बैठकमा इष्टायले यस्तो टिप्पणी गरेका हुन्।

उनले संयुक्त राष्ट्रसंघका सदस्यहरूलाई "संयुक्त राष्ट्रसंघमा पूर्ण सदस्यता प्राप्त गर्न प्यालेस्टाइनको आवेदनलाई समर्थन गर्न, प्यालेस्टाइनमा आम चुनाव गराउन इजरायललाई दबाब दिन र प्यालेस्टाइनीहरू विरुद्ध गरेको अपराधको लागि इजरायललाई जवाफदेही बनाउन" आग्रह गरेका हुन्।

प्यालेस्टाइनीहरू सन् १९६७ मा इजरायलले कब्जा गरेको प्यालेस्टिनी भूभागमा इजरायलसँगै एउटा स्वतन्त्र राज्य स्थापना गर्न चाहन्छन् जसमा वेस्ट बैंक र गाजा पट्टी पनि छ। जसको राजधानी पूर्वी जेरुसेलम हो। यसै बीच मङ्गलबार संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले प्यालेस्टिनी जनतासँग एकताको अन्तरराष्ट्रिय दिवसमा दुई-राज्य समाधानको आवश्यकतालाई पुनः पुष्टि गरेका छन्।

"संयुक्त राष्ट्रसंघको अडान स्पष्ट छ- शान्ति स्थापना हुनपर्छ र यस क्षेत्रमा बल प्रयोगका गतिविधि अन्त्य हुनुपर्छ। हामी दुई राज्यहरू - इजरायल र प्यालेस्टाइन - शान्ति र सुरक्षामा एक साथ अगाडि बढ्ने वातावरण बन्नुपर्छ " उनले सन्देशमा भनेका छन्।

# पूर्वी चीनको निर्माणस्थलमा आगलागी हुँदा ५ जनाको मृत्यु, २ जना घाइते

**सिन्ह्वा**

नान्जिङ। पूर्वी चीनको जिआङ्सु प्रान्तको जुझाउ शहरमा रहेको एउटा निर्माणस्थलमा आगलागी हुँदा पाँच जनाको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएको स्थानीय अधिकारीहरूले शनिबार जानकारी दिएका छन् । दिउँसो ४-५० बजे आगलागी भएको थियो । उद्धारपछि दुर्घटनास्थलमा फसेका सात जनालाई अस्पताल लगिएको थियो । पाँच जनाको आकस्मिक उपचारको क्रममा मृत्यु भएको छ भने अन्य सामान्य घाइतेको उपचार जारी छ। जुझाउको नगरपालिका सरकारले दुर्घटनाको बारेमा अनुसन्धान गर्न टोली गठन गरेको जनाएको छ।

# क्यामरुन बन्यो ब्राजिललाई विश्वकपमा हराउने पहिलो अफ्रिकी राष्ट्र

**एपी**

लुसिल (कतार)। अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा) विश्वकप फुटबल प्रतियोगिताको इतिहासमा अफ्रिकी मुलुक क्यामरुनले शुक्रबार नयाँ इतिहास बनाएको छ। पाँचपटक विश्वकप फुटबलको उपाधि जितेको ब्राजिललाई क्यामरुनले शून्यका विरुद्ध एक गोलले हराएर नवइतिहास रचना गरेको हो।

ब्राजिलसँगको खेलमा शानदान जित निकालेको क्यामरुन समूह चरणको खेलबाट बाहिरिएको छ। यद्यपि क्यामरुनका मुख्य प्रशिक्षक रिगोवर्ट सोङ पाँच पटकको विश्वविजेतालाई आफ्ना खेलाडीले हराएकामा क्यामरुनमात्र नभइ समग्र अफ्रिकी महादेशका निम्ति गर्वको विषय भएको बताउँछन् । दोभाषेको सहायतामा एशोसिएटेड प्रेससँग कुरा गर्दै उनले युवा वर्गलाई अवसर दिएमा लक्ष्य हासिल गर्न सहज हुने बताए । आफ्नै युवावयको



स्मरण गर्दै उनले स्थानीय फुटबल क्लबमा खेलिरहेको आफूलाई सन् १९९४ को विश्वकपमा आफ्ना प्रशिक्षकले अवसर दिएको बताए। युवाको सामर्थ्यमा विश्वास गरेर नै उनका गुरुले आफूलाई विश्वकप खेल्ने मौका दिएको बताउँदै उनले २४ वर्षीय जेरोम एनगोम एमबेकीलाई मैदानमा उतारेको खुलासा गरे।

ब्राजिलबाट ठूलो दबाब खेपिरहेको क्यामरुनलाई खेलाडी परिवर्तनको आवश्यकता पनि परेको थियो। नब्बे मिनेटको निर्धारित समयभित्र गोलरहित बराबरीमा नै दुवै टिम भिडिरहेका बेला थपिएको नौ मिनेटको उपयोग गर्न सोङले एमबेकीलाई मैदानमा उतारेका थिए । अतिरिक्त समयको सात मिनेटमात्र बाँकी छँदा ब्राजिललाई ठेगान लगाउन मैदान छिरेका उनले गोलपोष्ट समीप गरेको पासलाई हेड गर्दै भिन्सेन्ट अबुबाकरले क्यामरुनलाई जिताएका थिए।

यसैबीच, ब्राजिलका प्रमुख प्रशिक्षक टिटेले क्यामरुनसँग ब्राजिलको पराजयको दोष आफूले लिएको बताएका छन्। नौ पटकसम्म खेलाडी परिवर्तन गरेर स्विटजरल्याण्डलाई सोमबार हराएको उनको रणनीतिले क्यारुनसँगको खेलमा साथ दिएन। उनले क्यामरुनका खेलाडीको स्तरीय खेलको प्रशंसा पनि गरेका छन् । मौकाको सदुपयोग गर्न नसक्दा हार व्यहोर्नु परेको उनले स्वीकार गरेका छन्। शुक्रबारको स्पर्धामा ब्राजिलले २१ र क्यारुनले ९ वटा गोल गर्ने अवसर गुमाएका थिए।

# ब्राजिल र स्वीटजरल्यान्ड नकआउट चरणमा

काठमाण्डु। फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत समूह जीचको अन्तिम खेलपछि ब्राजिल र स्वीटजरल्यान्ड नकआउट चरणमा प्रवेश गरेका छन्।

कतारमा शनिवार भएको खेलमा ब्राजिल क्यामरुनसँग १-० गोल अन्तर पराजित भयो। खेलको इन्जुरी समयमा क्यामरुनका लागि भिन्सेन्ट अबोउबाकारले गोल गर्दै क्यामरुनलाई जीत दिलाए। यद्यपि क्यामरुनका लागि यो जीत अन्तिम १६ मा पुग्नका लागि पर्याप्त भएन।

शनिवार भएको दोस्रो खेलमा स्वीटजरल्यान्डले सर्वियालाई ३-२ गोल अन्तरले पराजित गर्दै अन्तिम १६ मा स्थान बनाउन सफल भयो।

स्वीटजरल्यान्डका लागि जेहेर्दान साकिरीले २०औं मिनेटमा गोल गर्दै अग्रता दिलाए भने सर्वियाका लागि एलेक्जेनडर मितरोभिकले २६औं मिनेटमा गोल गर्दै खेललाई बराबरीमा ल्याए।

साथै, ३५औं मिनेटमा सर्बियाका लागि दुसान भोल्होभिकले गोल गर्दै २-१ गोल अन्तरले सर्बियालाई अग्रता दिलाए पनि स्वीटजरल्यान्डका लागि खेलको ४८औं मिनेटमा ब्रिल एम्बोलो र रेमो फ्रेउलेरले क्रमशः ४४औं र ४८औं मिनेटमा गोल गरे। त्यसपछि खेलमा कुनै गोल हुन सकेन र स्वीटजरल्यान्ड जीतसँगै नकआउट चरणमा प्रवेश गर्न सफल भयो।रासस

## विश्वकप फुटबल

# पोर्चुगल र दक्षिण कोरिया नकआउट चरणमा प्रवेश



काठमाण्डु। फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत समूह एचको खेलमा पोर्चुगल र दक्षिण कोरिया अन्तिम १६ मा प्रवेश गरेका छन्।

कतारको एजुकेसन सिटी स्टेडियममा शनिवार भएको समूहको निर्णायक खेलमा दक्षिण कोरियाले पोर्चुगललाई २-१ गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। यस खेलसँगै पोर्चुगल समूह विजेता र दक्षिण कोरिया उपविजेता बन्दै अन्तिम १६ मा प्रवेश गरे।

खेलको पाँचौं मिनेटमा रिकार्डो होर्टाले गोल गर्दै पोर्चुगललाईअ अग्रता दिलाए। त्यस्तै खेलको २७औं मिनेटमा कोरियाका किम योङ जीओनले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए।

पहिलो हाफसम्म एक-एक गोलको बराबरीमा सकिएको खेलमा दोस्रो हाफमा कोरियाले एक गोल थप्दै दक्षिण कोरियाको जीत सुनिश्चित गऱ्यो। खेलको दोस्रो हाफको अतिरिक्त समयमा ह्वाङ हिचेनले गोल गरेपछि कोरियाले पोर्चुगलमाथि २-१ को जित निकाल्यो।

यसैबीच आजै भएको समूह एचको अर्को खेलमा उरुग्वे घानालाई २-० गोलअन्तरले विजयी भएको छ। घानाले खेलको १७औं मिनेटमा पेनाल्टीमार्फत् अग्रता लिने अवसर पाएको थियो। तर कप्तान आन्द्रे आयुको पेनाल्टी उरुग्वेका गोलरक्षक सर्जियो रोसेटले बचाए। रोसेटले पेनाल्टी क्षेत्रभित्र मोहमद कुडुसलाई लडाएपछि घानाले भिएआरको माध्यमबाट पेनाल्टी पाएको थियो।

त्यस्तै उरुग्वेले खेलको २६औं मिनेटमा अग्रता लियो। नजिअर्जिअन डे अरासेटाले गोल गर्दै उरुग्वेलाई पहिलो अग्रता दिलाएपछि खेलको ३२औं मिनेटमा अरासेटाले व्यक्तिगत दोस्रो गोल गर्दै उरुग्वेको जित सुनिश्चित गरे। खेलमा लुइस सुआरेजले दिएको पासलाई सदुपयोग गर्दै अरासेटाले गोल गरे।

यससँगै समूह एचबाट घाना र उरुग्वे प्रतियोगिताबाट बाहिरिएका छन्। त्यस्तै यस नतिजासँगै पोर्चुगलले तीन खेलमा ६ अङ्क जोड्दै समूहको पहिलो स्थानमा रह्यो भने समान तीन खेल नै खेलेको दक्षिण कोरिया र उरुग्वेले ४-४ अङ्क साथ दोस्रो र तेस्रो स्थानमा रहे। दुवैको गोलअन्तर शून्य भए पनि बढी गोल गरेको आधारमा कोरिया अन्तिम १६ मा पुगेको हो। कोरियाले ४ गोल गर्दा उरुग्वेले २ गोल गरेको थियो। घानाले तीन अङ्क जोड्दै चौथो स्थानमा रहयो।रासस

## आइटिएफ टेनिस

# चाइनिज ताइपेइका हङ र भारतकी दुर्गाङसी च्याम्पियन

पोखरा । पोखरामा आयोजना भएको अन्तर्राष्ट्रिय टेनिस महासङ्घ (आइटिएफ) जुनियर-५ टेनिस प्रतियोगिता सर्किट-१ को उपाधि महिलातर्फ भारतकी दुर्गाङ्सी कुमार र पुरुषतर्फ चाइनिज ताइपेइका केहाउ हङ विजयी हुनुभएको छ।

नेपाल टेनिस सङ्घको सहयोग तथा कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा पोखरा रङ्गशालास्थित टेनिस कोर्टमा सञ्चालन भएको प्रतियोगिताको आज सम्पन्न फाइनल खेलमा पुरुष एकलतर्फ ताइपेइकै चेन हुइ होलाई ६-०, ६-१ को सहज सेटमा पराजित गर्दै हङ च्याम्पियन बन्नुभएको हो।

महिलातर्फ दुर्गाङ्सीले भारतकै श्रीनिधि बालाजीलाई ६-४ र ७-६ को सेटमा पराजित गर्नुभयो । प्रतियोगिताअन्तर्गत पुरुष डबल्सतर्फ भारतका सागर कुमार र स्वस्तिक शर्माको जोडीले कोरियाका डोङ योङ युम र मलेसियाका केगन केथ जोनाथन जोडीबाट 'वाकओभर' पाउँदै विजयी हुनुभयो।

महिला डबल्सतर्फ भारतका श्रीनिधि बालाजी र लक्ष्मीश्री डण्डुको जोडीले प्रथम स्थान हासिल गर्नुभयो । उहाँहरूको जोडीले भारतकै काइरा सिद्धार्थ चेत्नानी र दुर्गाङ्सी कुमारको जोडीमाथि ६-२, ६-२ को सेटमा सहज जित निकाल्दै विजेता बन्नुभएको हो । एक सातादेखि सञ्चालन भएको प्रतियोगितामा विभिन्न नौ राष्ट्रका ९८ खेलाडीले सहभागिता जनाएका कास्की जिल्ला टेनिस सङ्घका अध्यक्ष लोक गुरुङले जानकारी दिनुभयो।

प्रतियोगितामा विजयी खेलाडीलाई गण्डकी प्रदेशका युवा तथा खेलकुदमन्त्री राजीव गुरुङले मेडल तथा प्रमाणपत्र वितरण गर्नुभयो।

पुरस्कार वितरण समारोहमा गण्डकी प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङले टेनिस खेलले गण्डकी प्रदेशकै खेलकुदको सान उँचो पारेको बताउनुभयो।

यहाँ आयोजना हुने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतियोगिताहरूले खेलसँगै पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण योगदान पुऱ्याएको उहाँले बताउनुभयो। प्रतियोगिताअन्तर्गत आइतबारदेखि सर्किट-२ अन्तर्गतका खेल सञ्चालन हुने आयोजकले जनाएको छ।रासस



दाङको तुलसीपुर उपमहानगरपालिका-७ मिलनचोक जगदीश भण्डारीले बीउ बनाउनका लागि तयारी अवस्थामा राखेका मकै। *तस्बिर : रासस*

# घाटा पूर्ति गर्न आयल निगमले घटाएन पेट्रोलियम पदार्थको मूल्य

काठमाण्डु । भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आए पनि नेपाल आयल निगमले मूल्य नघटाउने जनाएको छ। निगम हाल रु २७ अर्ब घाटामा रहेकाले मूल्य समायोजन नगर्ने भएको हो।

निगमले शुक्रबार एक विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियमपदार्थकोमूल्यमाआएको उतारचढावले विगत लामो समयदेखि नोक्सानीमा सञ्चालन हुँदै आएको उल्लेख गरेको छ । इन्डियन आयल कर्पोरेशन लिमिटेडबाट यही १५ मङ्सिरमा प्राप्त खरिद मूल्यअनुसार एलपी ग्यासको मूल्य केही बढेको छ भने पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा केही घटेर आएको छ।

“मङ्सिर १५ गते पाएको खरिद मूल्यसूचीबमोजिम एलपी ग्यासमा प्रतिसिलिण्डर रु ४३.९३ ले बढेर आएको छ। एलपी ग्यासमा निगमलाई हाल प्रतिसिलिन्डर रु दुई सय ७७.०२ घाटा भइरहेको छ”, विज्ञप्तिमा भनिएको छ, “निगमले इन्डियन आयल कर्पोरेशनलाई हालसम्म तिर्न बाँकी रकम, पुरानो बक्यौता तथा नेपाल सरकारलाई तिर्नुपर्ने ऋणसमेत गरी करिब रु २७ अर्ब तिर्न बाँकी छ।”

ग्यास सिलिन्डर बिक्रीबाट मात्र निगमलाई १५ दिनमा रु ३६ करोड ८५ लाख घाटा हुने देखिएको निगमले जनाएको छ। यद्यपि पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा मूल्य घट्दा पनि यथावत् राख्दा १५ दिनमा करिब रु ५८ करोड नाफा हुने निगमले जनाएको छ।

“हाल अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पदार्थको मूल्य पुनःघटबढ हुने क्रममा रहेको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति सञ्चालन राख्न र इन्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता एवं सरकारलाई उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई चुनौती रहेकाले हाललाई पेट्रोलियम पदार्थको खुद्रा मूल्य यथावत राखिएको छ”, विज्ञप्तिमा भनिएको छ ।रासस

# सन् २०२२ मा नेपालले साढे आठ अर्ब अमेरिकी डलर रेमिटचान्स पुग्ने अनुमान

काठमाण्डु । नेपालमा सन् २०२२ मा रेमिट्यान्स आप्रवाह तीन दशमलव छ प्रतिशतले बढेर साढे आठ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

विश्व बैंकले सार्वजनिक गरेको ‘माइग्रेसन एन्ड डेभलपमेन्ट ब्रिफ’ रिपोर्टअनुसार गत वर्षको तुलनामा यस वर्ष रेमिट्यान्स बढ्ने देखिएको हो। सन् २०२१ मा नेपालले आठ अर्ब २० करोड अमेरिकी डलर बराबर रेमिट्यान्स भित्र्याएको थियो।

> **सन् २०२२ मा दक्षिण एशिया क्षेत्रको रेमिटचान्स प्राप्ति तीन दशमलव पाँच प्रतिशतले बढ्ने अनुमान गरिएको छ। त्यो गत वर्षभन्दा न्यून हो । गत वर्ष अर्थात् सन् २०२१ मा यो क्षेत्रको रेमिटचान्स आप्रवाह वृद्धिदर छ दशमलव सात प्रतिशत बराबर थियो । सन् २०२३ मा भने विश्व रेमिटचान्स वृद्धिदर दुई प्रतिशतमा खुम्चिनेछ । आगामी वर्ष दक्षिण एशियाको रेमिटचान्स वृद्धिदर शून्य दशमलव सात प्रतिशतमा खुम्चनेछ ।**

नेपालले रेमिट्यान्समार्फत आउने रकम मुद्दति निक्षेपमा राख्दा अतिरिक्त ब्याज दिने व्यवस्था गरेको, दैनिकरूपमा पठाउन सकिने रकमको सीमा बढाएको र विदेशी मुद्रा बचत खाता खोल्न सकिने व्यवस्था लागू गरेपछि त्यसको सकारात्मक प्रभाव देखिएको पनि रिपोर्टमा उल्लेख छ। कूल गार्हस्थ्य उत्पादन (जिडिपी) आकारको तुलनामा बढी रेमिट्यान्स भित्र्याउने मुलुकमा नेपाल अग्रस्थानमा छ । नेपालले सन् २०२२ मा कूल जिडिपीको २२ प्रतिशत बराबर रेमिट्यान्स आर्जन गर्ने अनुमान विश्व बैंकको छ।

सन् २०२२ मा विश्वव्यापी रेमिट्यान्स प्रवाहको वृद्धिदर चार दशमलव नौ प्रतिशत हुने अपेक्षा विश्व बैंकको छ। गत वर्ष अर्थात् सन् २०२१ मा विश्वभर पछिल्लो एक दशकयताकै उच्च रेमिट्यान्स परिचालन भएको थियो। सन् २०२० को तुलनामा सन् २०२१ मा १० दशमलव दुई प्रतिशतले रेमिट्यान्स प्रवाह बढेको विश्वबैंकको रिपोर्टमा उल्लेख छ । कोभिड महामारी, रुस-युक्रेन युद्ध, विश्वभर देखिएको मूल्यवृद्धिलगायत समस्याको असर आप्रवासी कामदार र रेमिट्यान्समा पनि देखिएको रिपोर्टमा उल्लेख छ।

सन् २०२२ मा दक्षिण एशिया क्षेत्रको रेमिट्यान्स प्राप्ति तीन दशमलव पाँच प्रतिशतले बढ्ने अनुमान गरिएको छ। त्यो गत वर्षभन्दा न्यून हो। गत वर्ष अर्थात् सन् २०२१ मा यो क्षेत्रको रेमिट्यान्स आप्रवाह वृद्धिदर छ दशमलव सात प्रतिशत बराबर थियो। सन् २०२३ मा भने विश्व रेमिट्यान्स वृद्धिदर दुई प्रतिशतमा खुम्चिनेछ । आगामी वर्ष दक्षिण एशियाको रेमिट्यान्स वृद्धिदर शून्य दशमलव सात प्रतिशतमा खुम्चनेछ।

यस वर्ष दक्षिण एशियामा मात्रै एक खर्ब ६३ अर्ब अमेरिकी डलर बराबर रेमिट्यान्स आउने अनुमान विश्व बैंकको छ । जनसङ्ख्याको अनुपातमा आप्रवासी कामदार पठाउने दक्षिण एशियाली मुलुकमा नेपाल तेस्रो स्थानमा छ। अफगानिस्थानले आफ्नो जनसङ्ख्याको १३ दशमलव पाँच, श्रीलङ्काले आठ दशमलव आठ र नेपालले आठ प्रतिशत आप्रवासी कामदार पठाएको छ।

त्यस्तै भूटानमा छ दशमलव पाँच, बङ्गलादेशमा चार दशमलव आठ, पाकिस्तानमा तीन र भारतमा एक दशमलव तीन प्रतिशत जनसङ्ख्या आप्रवासी कामदारका रूपमा रहेका छन् । निम्न र मध्यम आय भएका मुलुकमध्ये सबैभन्दा बढी रेमिट्यान्स यस वर्ष भारतले भित्र्याउने अनुमान गरिएको छ । भारतले यस वर्ष एक खर्ब अमेरिकी डलर बराबर रेमिट्यान्स भित्र्याउने विश्व बैंकको अनुमान छ।

त्यस्तै मेक्सिकोले ६० अर्ब डलर, चीनले ५१ अर्ब डलर, फिलिपिन्सले २८ अर्ब डलर, अरब रिपब्लिकले ३२ अर्ब डलर, पाकिस्तानले २९ अर्ब डलर, बङ्गलादेशले २१ अर्ब डलर र नाइजेरियाले २१ अर्ब डलर रेमिट्यान्स भित्र्याउने अनुमान गरिएको छ ।रासस

# पशुपालनबाट आर्थिकरूपमा सक्षम बन्दै महिला

रामपुर । व्यावसाय सानो होस् या ठूलो, हरेक क्षेत्रमा पुरुषकै वर्चस्व छ । महिलाकै भरमा व्यवसाय धानिए पनि समाजमा पुरुषले नै नाम कमाउने चलन अझै कायमै छ।

पछिल्ला समयमा भने महिला सशक्तिकरण, चेतनाको स्तर विकास हुँदै गर्दा महिला आफैं स्वावलम्बी बन्न विभिन्न व्यवसायमा संलग्न बनेका छन् । आफ्नै नाममा व्यवसाय दर्ता गरेर आर्थिक क्षेत्रमा पाल्पाका महिला अब्बल बन्दै गएका छन् ।



रामपुर सिर्जनशील पशुपक्षी तथा कृषि फार्मका सञ्चालक सिर्जना पौडेलले समाजमा पशुपालन गरेर उदाहरणीय महिलाका रूपमा कहलिनुभएको छ । उहाँको व्यावसाय यस क्षेत्रकै नमुना र अवलोकनयोग्य बनेको छ। कालीगण्डकी करिडोरको आडैमा रहेको उहाँको व्यवसाय अवलोकन गर्न र व्यवसायसम्बन्धी जानकारी लिन कृषक पुग्ने गर्दछन्। सामाजिक सङ्घसंस्थामा सक्रिय उहाँ पशुपालनबाटै आफू आत्मनिर्भर बन्दै गएको बताउनुहुन्छ।

रामपुर नगरपालिका-५ सानीअमराईकी पौडेलले बेभ्फाड बजारमा करिब एक दशक फेन्सी पसल सञ्चालन गर्नुभएको थियो । फेन्सी पसलबाट राम्रै आम्दानी गर्नुभएकी उहाँले सो व्यवसायलाई घरमै सारेर पशुपालनलाई सँगै अगाडि बढाउनुभएको छ । पशुपालनबाट आफू सन्तुष्ट रहेको पौडेल बताउनुहुन्छ । उहाँले गाउँका अन्य महिलालाई पनि पशुपालनमा लाग्न सल्लाह दिने गर्नुहुन्छ । “पुरुषको तुलनामा महिलाको जिम्मेवारी धेरै छ, हिम्मत र साहस गरियो भने पुरुषभन्दा महिला कुनै पनि क्षेत्रमा कमजोर छैनन्”, उहाँले भन्नुभयो, “अरूको भरमा रहेका महिला सधैँ पछाडि परिरहेका छन्, आयआर्जनमूलक व्यवसायमा लागियो भने कसैमाथि निर्भर रहनु पर्दैन्, आर्थिकरूपमा बलियो भएपछि घरपरिवार, समाजबाट सम्मानजनक व्यवहार पाइन्छ।”

उहाँको फार्ममा हाल सातवटा भैँसी र तीनवटा गाई छन्। अहिले छ भैँसी र एक दुहुना गाईबाट दैनिक ३५ लिटर दूध बजारमा बिक्री गर्नुहुन्छ । यहाँको बजारमा भैँसीको प्रतिलिटर रु ८५ र गाईको रु ६५ दूधको मूल्य रहेको छ । पशुपालनबाट उहाँले मासिक रु ६० देखि ७० हजारसम्म आम्दानी गर्दै आउनुभएको छ। एक भैँसीलाई रु एक लाख ७० हजार मूल्यमा खरिद मूल्य परेको पौडेलले बताउनुभयो। उन्नत जातका पशुपालनबाट राम्रो आम्दानी लिन सकिने उहाँको भनाइ छ। भैँसी खरिद र संरचना निर्माणमा करिब रु २० लाखभन्दा बढीको लगानी परेको छ। आफ्नै जग्गा प्रशस्त रहेको हुँदा घाँसपातमा सहज भएको उहाँले बताउनुभयो।

घरायसी कामधन्दा, छोराछोरीको स्याहारसुसारले महिला घरबाट बाहिर निस्कन पाउँदैनन् । महिलापुरुष समान भन्ने गरिए पनि घरभित्रको जिम्मेवारी महिलाकै काँधमा हुन्छ। घरायसी कामधन्दाका अलवा हिम्मत र साहस गरियो भने महिलाले विभिन्न व्यावसाय, उद्यम गरेर समाजमा आर्थिक क्षेत्रमा बलियो बन्न सक्ने उहाँको अनुभव छ। “घरमै परिवारको साथमा बसेर पशुपालनबाट दैनिक आम्दानीको दरिलो स्रोत बनेको छ, बजारको सहज हुँदा दूध बिक्री गर्न समस्या छैन, दिनहुँ हातमा दाम परिरहन्छ, आफ्नै जग्गामा व्यवसाय चलाउँदा भाडा तिर्ने पैसा बचत गर्न पाइयो”, उहाँले भन्नुभयो।

उहाँले बलियो र व्यवस्थित संरचना तयार पार्नुभएको छ । पहिला घरमा एक दुईवटा पशुपालनको अनुभव लिनुभएकी उहाँले व्यावसायिक रूपमा पाल्न थालेपछि दाम मात्र नभई समाजमा उद्यमी महिलाका रूपमा पहिचान दिन सफल भएको बताउनुभयो । रामपुर क्षेत्रका विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध उहाँको दैनिकी पशुपालन, फेन्सी पसल सञ्चालनसहित सामाजिक काममा बित्ने गरेको छ।

व्यवसाय, घरायसी काम, सामाजिक क्षेत्रको कामले उहाँको दैनिकी हिजोआज व्यस्त बनेको छ । सानैदेखि नै हरेक काममा निडर र साहस राख्ने पौडेलको व्यवसाय लोभलाग्दो छ। आफ्नो कमाईमा आफैँ रमाउन पाउँदा आनन्दानुभूति लाग्ने गरेको उहाँले अनुभव सुनाउनुभयो।

रामपुर-६ बस्ने दीपा पँगेनीले डेढ वर्षअघि देखि पशुपालन व्यवसाय सुरु गर्नुभएको छ । सक्षम सङ्कल्प पशु तथा कृषि फार्म दर्ता गरेर व्यावसायिक रूपमा अगाडि बढ्नुभएको छ । उहाँको फार्ममा हाल नौवटा उन्नत जातका भैँसी छन्। फार्ममा रहेका छवटा दुहुना भैँसीबाट अहिले दैनिक ४० लिटर दूध उत्पादन गरी बिक्री गरिहनुभएको छ।

“आफ्नै नाममा व्यावसाय हुँदा छुट्टै आनन्द लाग्दो रहेछ, व्यवसायमा जोस जाँगर थपिने, सामान्य खर्चलाई अरूको भर पर्नु परेन, दूध बेचेपछि हातमा पैसा परिहने, अर्काको अधीनमा काम गर्नु परेन, आनन्दको पेसा रहेछ हामी महिलालाई घरधन्दासँगै सबै काम एकै पटक सकिन्छ”, उहाँले भन्नुभयो।

पछिल्लो समय पाल्पामा महिलाहरू आफ्नै नाममा व्यवसाय दर्ता गरेर आयआर्जनतिर अगाडि बढेका छन्। व्यवसायमा आबद्ध भएपछि अहिले उनीहरूको दैनिकी बदलिएको छ । बिहानसाँझ घरको कामधन्दा सकाएर दिनभर फुर्सदमा बस्ने महिलालाई समयको सदुपयोग सँगै आयआर्जनको गतिलो माध्यम बनेको छ । महिला परनिर्भरता कम हुदै गएको छ। रासस

# उत्पादित किवी वाइन कम्पनीले खरिद गर्ने

मुसीकोट । रुकुम पश्चिमको आठविसकोट नगरपालिका-१० का गणेश शाही वार्षिक २५ क्विन्टल किवी उत्पादन गर्नुहुन्छ। आफ्नो ठाउँमा किवीको राम्रो उत्पादन हुने सम्भावना देखेपछि उहाँले अन्य खेतीपाती गर्ने जग्गामा किवीको बिरुवा लगाउनुभएको हो। बिरुवा लगाइएको करिब दुई वर्षमै बारीमा किवी फल्न थालेपछि शाही निकै खुसी हुनुभएको छ।

किवी फले पनि जिल्लामै थोरै मात्रामा बिक्री भएकाले ठूलो मात्रामा फलेको किवी बजारसम्म पुऱ्याउन उहाँलाई निकै गाह्रो भयो । घरबाट डोकोमा बोकेर करिब दुई किलोमिटर हिँडेपछि मात्र सडक भेटिन्थ्यो । सडकमा किवी पुऱ्याए पनि गाडीले किवी बोक्न नमान्दा शाहीलाई किवी बिक्री गर्न निकै समस्या भयो।

उहाँ मात्रै होइन, उक्त नगरपालिकामा किवी खेती गरेका किसानलाई बिक्री गर्न धेरै समस्या भयो । किवीले बजार पाउन छाडे पनि नगरपालिकामा रहेको एउटा वाइन उद्योगले खरिद गर्ने भएको छ। नगरपालिकाका किसानले उत्पादन गरेको किवी कर्णाली वेभरेज प्रालिले खरिद गर्ने भएको हो।

आठबीसकोटनगरपालिका-१२ झिनचौरमा रहेको उक्त प्रालि र किसानको सहमतिअनुसार फलाएको किवी प्रतिकिलो रु एक सय २५ मा खरिद हुने नगर प्रमुख रवि केसी जानकारी दिनुहुन्छ।

उहाँका अनुसार यस नगरपालिकाको वडा नम्बर १, २, ३, १०, ११ र १२ मा एक सय ४२ क्विन्टल किवी उत्पादन भएको छ । छ वटा वडामा गरेर अहिले नगरपालिकामा ४७ जना व्यावसायिक किवी उत्पादक किसान छन् । पहिलो स्थानीय सरकारले किवी खेतीलाई जोड दिएपछि नगरपालिकामा किवी खेती गर्ने किसानको सङ्ख्या धेरै पुगेको छ । सरकारले किसानलाई अनुदानमा ठूलो मात्रामा किवीको बिरुवा विरतरण गरेको थियो भने किसान आफैँले किनेर पनि बिरुवा लगाएका थिए। नगरपालिकामा गत वर्ष मात्र दुई हजार एक सय वटा किवीका बिरुवा रोपिएका थिए । अहिले नगर भरमा करिब एक हजार पाँच सय किवीका बोटले उत्पादन दिइरहेको नगरपालिकाको अनुमान छ।

ती बोटबाट करिब एक सय ४२ क्विन्टल किवी उत्पादन हुने अनुमानसहित नगरपालिकाको रोहवरमा उक्त प्रालि र किसानबीचमा सहमति भएको हो । त्यस्तै नगरपालिकाले ढुवानीका लागि अनुदान पनि दिने भएको छ । किसानको बारीबाट वडा नम्बर १२ मा रहेको कम्पनीसम्म किवी पुऱ्याउन लाग्ने भाडा नगरपालिकाले तिरिदिने नगर प्रमुख केसी बताउनुहुन्छ।

अहिलेसम्म किसानले आ-आफैँ किवी बिक्री गरिरहेकामा पहिलोपटक नगरभरको किवी एकमुस्ट बिक्री हुन लागेको हो। रासस


**Ganeshman Charnath Municipality**

**Office of the Municipal Executive**

**Birendrabazar, Dhanusha**

**Request for Expression of Interest**

**EOI : GCM/EOI/13/2079-80**

**Publication Date: 2079-08-18**

1. The office of the municipal executive, Ganeshman Charnath municipality has allocated fund toward the cost of Partnership for agriculture and livestock production and marketing and intends to apply a portion of this to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.
2. The Office of the municipal executive, Ganeshman Charnath Municipality now invites Expression of Interest (EOI) from eligible consulting firms (“consultant”) to provide the following consulting services: Partnership for agriculture and livestock production and marketing
3. Interested eligible consultants may obtain further information from Office of the Municipal Executive, Ganeshman charnath municipality, Dhanusha and EOI documents free of cost from e-GP system www.bolpatra.gov.np/egp on or before 2079-09-03.
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon 2079-09-04
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on Qualification 50%, Experience 40%, and Capacity 10% of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is 60.

**Chief Administrative Officer**



**मेगा बैंक नेपाल लिमिटेडको**


**तपशिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०७९/०८/१८)

तपशिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, व्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो **३५ (पैंतिस) दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणीहरु र बैंक बिचभए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानूनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकारेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको फोटो |
|---|---|
| **ऋणीहरु : रानी दुध डेरी उद्योग र रानी स्वीट्स कर्नर**<br>**(क) रानी दुध डेरी उद्योग**<br>प्रा.फ.द.प्र.प.नं. : ६१४०/२५५/०६६/०६७<br>ठेगाना : धनुषाधाम ०१, धनुषा<br>**(ख) रानी स्वीट्स कर्नर**<br>प्रा.फ.र.नं.: ९९१६/४६४/०७४/७५<br>ठेगाना : धनुषाधाम ०३, धनुषा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सूर्य नाथ यादव**<br>(ना.प्र.नं. ४२१८२२८६, मिति २०५७/०५/११ मा जि.प्र.का. धनुषाबाट जारी भएको)<br>बाबु : रामचन्द्र यादव<br>बाजे : असर्फी यादव<br>**२. रीना यादव**<br>(ना.प्र.नं. १७१०५६/४०७, मिति २०७०/०६/११ मा जि.प्र.का. धनुषाबाट जारी भएको)<br>पति : सूर्य नाथ यादव<br>ससुरा : रामचन्द्र यादव | <br>सूर्य नाथ यादव<br><br>रीना यादव |

**मेगा बैंक नेपाल लिमिटेड**, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९

फोन नं.: ९७७-१-४१६९२५०/५१/५३/५४, फ्याक्स नं.: ९७७-१-४१६९२१५ वेबसाइट: www.megabanknepal.com

# मिडिया काउन्सिलका अध्यक्ष भट्टराईको निधन



**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराईको निधन भएको छ ।

सर्लाहीको लालबन्दी नगरपालिका-१३ पत्थरकोटस्थित होलिडे रिसोर्टमा उनको शनिबार विहान निधन भएका हो ।

भट्टराई शुक्रबार बेलुका उक्त रिसोर्टमा बसेका थिए । नेपाल पत्रकार महासंघ सर्लाही शाखाको ११औं वार्षिक साधारण सभामा सहभागी हुन ६७ वर्षीय भट्टराई जनकपुरबाट सर्लाही आएका थिए । सो साधारणसभा शनिबार उक्त रिसोर्टमा गर्ने कार्यक्रम तय भएको थियो ।

सप्तरी घर भएका भट्टराई मधेश प्रदेश मिडिया काउन्सिलको अध्यक्ष भएपछि जनकपुर बस्दै आएका थिए ।

शुक्रबार राति खाना खाएर सुत्नगएका भट्टराई बिहान अबेरसम्म नउठेपछि बोलाउन जाँदा ढोका नखोलेपछि झ्यालबाट हेर्दा मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेको नेपाल पत्रकार महासंघ सर्लाही शाखाका अध्यक्ष टंकबहादुर क्षेत्रीले बताए ।

रिसोर्टमा मृतक भट्टराईसहित अन्य सञ्चारकर्मीसमेत शुक्रबारदेखि सँगैबसेका र सुत्ने क्रममा भट्टराई छुट्टै कोठामा सुतेका उक्त रिसोर्टका सञ्चालक विमल नगरकोटीले जानकारी दिए ।

भट्टराईको रिसोर्टकै कोठामा निधन भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठले जानकारी दिए । भट्टराई बसेको कोठामा उक्तचाप र मधुमेह रोगको औषधिसमेत फेला परेको छ ।

## रक्तदान कार्यक्रम

**टुडे समाचारदाता**

वीरगन्ज । 'सबैलाई प्रेम गर,कसैलाई घृणा नगर'भन्ने नारासहित शनिबार विन्दावासिनीको प्रसौनी भाठामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

विन्दावासिनी गाउँपालिका वडा नं ५ मा भएको रक्तदान कार्यक्रममा ३० जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रममा विन्दवासिनी गाउँपालिका अध्यक्ष प्रमोद तिवारीको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

अहमदिया संघ नेपालको आयोजना तथा नेपाल रेडक्रस सोसाईटीको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो ।

सो कार्यक्रममा विन्दवासनी गाउँपालिका वडा नम्बर ५ को वडाध्यक्ष मोहन राउत अहिर लगायतकाको सहभागिता रहेको अहमदिया संघ नेपालका पर्सा ईन्चार्ज हासिम अहमदले जानकारी दिए । यस संस्थाले विगत लामो समयदेखि यस्ता विभिन्न किसिमका कार्यक्रमहरु गर्दै आएको छ ।

# अपाङ्गता दिवस मनाइयो

**संजय कुमार यादव**

जनकपुरधाम । ३१ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा शनिवार धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई ह्वीलचेयर, बैशाखी लगायतका विभिन्न सामग्री प्रदान गरिएको छ ।

लक्ष्मीनिया गाउँपालिकाद्वारा आयोजित कार्यक्रममा अध्यक्ष भोगेन्द्र मिश्रले,'गाउँपालिकाको सातवटै वडामा बसोबास गर्दै आएका अपाङ्गहरुको सेवा सुविधाको व्यवस्थामा ध्यान दिने प्रदिबद्धता व्यक्त गरे।'

अपाङ्गता हुनु कुनै देवी देवताको सराप होइन कतिपय मान्छे जन्मदेखि नै अपाङ्ग हुन्छन् त कतिपय दुर्घटनाले गर्दा हुन्छन् ।

त्यस्ता,अपाङ्गता भएका व्यक्तिहरुको लागि सरकारले अन्तर्राष्ट्रिय रुपमा धेरै सन्धिसम्झौता गरेका छन् र उनीहरुको हकहितका लागि धेरै संघ संस्थाहरु पनि लागि परेका छन् ।

यसैक्रममा हामीले आफ्नो नीति कार्यक्रममा प्रत्येक सरकारी सेवा दिने ठाउँ जस्तै गाउँपालिकाको कार्यालय, वडा कार्यालय लगायत विद्यालय स्वास्थ्य चौकीहरु अपाङ्ग मैत्री बनाउदै छौं, प्रमुख प्रशासकिय अधिकृत नागेन्द्र यादवले जानकारी दिए ।




कार्यक्रममा २७ थान ह्वीलचेयर, ५० सेट बैशाखी र २० थान स्टिक सहभागी अपाङ्ग व्यक्तिहरुलाई गाउँपालिकाद्वारा प्रदान गरिएको थियो ।

# धानमा आगजनी, लाखौंको क्षति

**ओम प्रकाश यादव**

गरुडा । रौतहटमा फेरि एकजना किसानको चार बिगहा क्षेत्रफलको धानमा अज्ञात समूहले आगजनी गरेको छ ।

अज्ञात समूहले एकजना किसानको दुई बिगहा खेतको धानमा आगजनी गरेको घटना सेलाउन नपाउँदै फेरि एकजनाको धानमा आगजनी गरिएको छ ।



जिल्लाको पूर्वी भेग स्थित गढिमाई नगरपालिका वडा नं ३ गम्हरियाका शेख ग्यासुदिनको धानको भारीमा अज्ञात समूहले आगजनी गरिदिएका छन् ।

काटेर दाँई गर्न गम्हरिया गाउँको छेउमै रहेको खेतमा एक ठाउँमा थुपारिएर राखिएको धानको भारीमा शुक्रवार राति करिव ९ बजे अज्ञात समूहले आगो लगाइ नष्ट गरिदिएका छन् ।

आगजनीबाट धान पूर्णरुपमा जलेर नष्ट भएको छ । आगलागीबाट करिब चार लाख बराबरको क्षति भएको पीडित ग्यासुदिनले बताएका छन् ।

घरमा भित्र्याउन राखिएको धानबालीमा कसैले व्यक्तिगत प्रतिशोध साध्न आगो लगाएको पीडित ग्यासुदिनको अनुमान छ ।

वर्षभरि कडा मिहिनेत गरी खेतमा उब्जाएको धानबाली घरमा भित्र्याउनु अघि नै खरानीमा परिणत भएपछि पीडित परिवार चिन्तित भएका छन् ।

दोषीलाई तत्काल पक्राउ गरी कानूनी कारबाही गर्न र क्षतिपूर्ति दिलाउन पीडित परिवारले सम्बन्धित निकायसंग माग गरेका छन् ।

यसअघि गत मंसिर १४ गते बुधवार जिल्लाको फतुवा विजयपुर नगरपालिका वडा नं २ शीतलपुर निवासी पूर्व सइ रामानन्द यादवको दुई बिगहा क्षेत्रफलको धानको भारीमा अज्ञात समूहले आगजनी गरेको थियो ।

# घरेलु मदिरा नियन्त्रणमा



**रञ्जन यादब**

कलैया । ईलाका प्रहरी कार्यालय सिमराले लाखौं मूल्य पर्ने मदिरासहितको गाडीलाई नियन्त्रणमा लिएको छ ।

जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ जितपुरस्थित रातोपुलबाट प्रहरीले गाडी पक्राउ गरेको छ ।

अमलेखगंजबाट जितपुरतर्फ जादै गरेको बा.प्र.-०३-००१च १४६९ न.को पिकअप गाडीमा करिब १ हजार ६ सय ४० लिटर घरेलु मदिरा नियन्त्रणमा लिएको बारा प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक राजेश थापाले जानकारी दिए ।

पिकअप गाडी चालक जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं. १८ का २५ वर्षीय सनम कुमार महतलाई पक्राउ गरिएको छ ।

बरामद घरेलु मदिराको मूल्य २ लाख ३४ हजार ५ सय २० रुपैया मुल्याङ्कन गरिएको छ ।

त्यस्तै, जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २ स्थित जगदम्बा स्टिल प्रा.लि.को पछाडिबाट अमलेखगंजदेखि जितपुरतर्फ जाँदै गरेको ना.२ ह १२०५ नम्बरको अटोमा रहेको मदिरा नियन्त्रणमा लिएको हो ।

१ सय ६० लिटर घरेलु मदिरासहित अटो,अटो चालक उपमहानगरपालिका वार्ड नम्बर २२ का २३ वर्षीय अमित घलानलाई पक्राउ गरिएको छ ।

नियन्त्रणमा लिएको मदिराको मूल्य २२ हजार ८ सय ८० रुपैया रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# नगरपालिकाद्वारा शैक्षिक सामग्री वितरण

**टुडे समाचारदाता**

जलेश्वर । ३१ औ अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसरमा शनिबार मटिहानी नगरपालिकाले एक कार्यक्रम आयोजना गरी अपाङ्गलाई शैक्षिक सामग्रीसहितको झोला वितरण गरेको छ ।

मटिहानी नगरपालिकाको कार्यालयमा आयोजित कार्यक्रममा विभिन्न विद्यालयमा अध्ययनरत प्राथमिक तहका ४५ जना अपाङ्ग छात्र-छात्राहरुलाई झोला र स्टेशनरी सामग्री मटिहानी नगरपालिकाका नगर प्रमुख (मेयर) हरि प्रसाद मंडलले वितरण गरेका छन् ।

कार्यक्रममा उप-प्रमुख मन्जु देवी साह, शिक्षा शाखा प्रमुख चन्देश्वर साह, स्वास्थ्य शाखा प्रमुख पवन मण्डल, महिला बालबालिका तथ ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा दास लगायतका वक्ताहरुले अपांग दिवस बारे प्रकाश पारेका थिए । यस अघि जनचेतनामूलक रैलीसमेत निकालिएको थियो ।




# पाँचको मृत्यु, नौ जना घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको गणेशमानचारनाथनगरपालिका-४, वीरेन्द्रबजारस्थित पूर्व-पश्चिम लोकमार्गमा विङ्गर र बलेरो एकआपसमा ठोक्किँदा विङ्गरमा सवार पाँच जनाको मृत्यु र नौ जना घाइते भएका छन् ।

शनिबार बिहान पूर्वबाट पश्चिमतर्फ आइरहेको बा १ च ८२९३ नम्बरको विङ्गर र विपरीत दिशाबाट गइरहेको ज १ च १४९६ नम्बरको बोलेरो जीप एकआपसमा ठोक्किएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक दीपककुमार रायले जानकारी दिए ।

ठक्करबाट विङ्गरमा सवार पाँच जनाको मृत्यु भएको र नौ जना घाइते भएका छन् । ठक्करबाट गम्भीर घाइतेमध्ये एकजनाको घटनास्थलमै मृत्यु भएको र अन्य चार जनाको उपचारको क्रममा जनकपुरस्थित प्रादेशिक अस्पतालमा मृत्यु भएको छ । घाइतेहरुको सोही अस्पतालमा उपचार भइरहेको छ ।



मृत्यु हुनेमा तीन जना महिला, एक बालक र एकजना पुरुष छन् । मृत्यु हुनेहरुमा धनुषाको मुखियापट्टी मुसहरिनिया तुल्सियाहीकी ३५ वर्षीया रुवी साह, महोत्तरी पिपरा गाउँपालिका २ का ११ वर्षीय एस कुमार साह, रामगोपालपुर नगरपालिका ७ ससौलाकी १३ वर्षीया सृजना साह, १८ वर्षीया मञ्जु साह र गाडी चालक धनुषाको धनौजी गाउँपालिका ४ का २५ वर्षका अब्दुल मन्सुर छन् ।

सृजना र मञ्जु दिदी बहिनी हुन् भने रुवी र एस फूपू भतिज रहेको परिवारजनले जनाएका छन् ।

# निर्वाचितलाई २ सय ५ किलोको माला



**टुडे समाचारदाता**

कलैया । बारा निर्वाचन क्षेत्र ४ का निर्वाचित प्रतिनिधिसभा सदस्य किसान श्रेष्ठ र ४ (ख) का निर्वाचित प्रदेशसभा सदस्य जितेन्द्र सोनललाई स्थानीयहरूले २ सय ५ किलोको मालाले सम्मान गरेका छन् ।

सत्ता गठबन्धनको तर्फबाट निर्वाचित दुबैजनालाई बाराको परवानिपुर गाउँपालिका ५ बहुआरिमा आयोजित धन्यवाद ज्ञापन कार्यक्रममा स्थानीयहरूले सम्मान स्वरूप २०५ किलोको माला लगाइ सम्मान गरेका छन् ।

मंसिर ४ मा भएको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा पाँच दलीय गठबन्धनको तर्फबाट बारामा श्रेष्ठ र सोनल मात्रै निर्वाचित भएका छन् ।

# लागूऔषध बरामद

**राकेश यादव**

रौतहट । रौतहट जिल्लाको गौर नगरपालिका वडा नम्बर ३ बाट प्रहरीले ठूलो परिणाममा लागूऔषध गाँजा बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा जिल्लाको प्रहरी कार्यालय गौरबाट खटिएको टोलीले गौर नगरपालिका वडा नम्बर ३ मा रहेको फलक पोल्ट्री फार्ममा जमीन मुनि गाडेर राखेको अवस्थामा ७ वटा पोकामा करिब २ सय ४० किलो लागूऔषध गाँजा बरामद गरेको छ ।

नेपालबाट भारतमा लगेर चर्को मूल्यमा बिक्री गर्ने उद्देश्यले लुकाएर राखिएको उक्त परिणाम बराबरको करिब ४० लाख मूल्यको गाँजा प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।



गाँजा ओसार पोसार कार्यमा प्रयोग भएको ट्रकसहित चालक पक्राउ परेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा बागमती प्रदेश ०१-००६ ख २८३० नम्बरको ट्रकको चालक मकवानपुर ३ का सुरेन्द्र सांगतांग रहेका छन् । सांगतांगले २० लाखमा खरिद गरी ल्याएको बताएका छन । गौर नगरपालिका ३ का फार्म संचालक अफरोज आलमले आफ्नो फार्म भाडामा भारतीय नागरिक जमशैद आलमलाई दिएका छन ।

धादिंगबाट खरिद गरी गौरमा लुकाएर राखिएको अवस्थामा बरामद भएको ७ पोकासहितको गाँजा,ट्रक र चालक कारबाहीका लागि प्रहरी हिरासतमा राखी अनुसन्धान कार्य अगाडि बढ़ाइएको प्रहरीले जनाएको छ ।

## मुख्यमन्त्री राउतद्वारा शोक व्यक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराईको निधनप्रति शोक व्यक्त गरेका छन् ।

शनिबार मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष भट्टराईको हृदयघातका कारण निधन भएको छ । मुख्यमन्त्री राउतले यस खबरले अत्यन्त मर्माहित बनाएको शोक सन्देशमा उल्लेख गरेका छन् ।

सन्देशमा भट्टराईको निधनले मधेश प्रदेशको पत्रकारिता क्षेत्रलाई अपूरनिय क्षति भएको उल्लेख छ ।

मुख्यमन्त्री राउतले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पणका साथै शोकाकुल परिवारमा गहिरो समवेदना व्यक्त गरेका छन् ।

# बाटो बिराएको खण्डमा निर्धक्क भएर मलाई रोक्नुहोस् : सिके राउत

**टुडे समाचारदाता**

काठमाण्डु । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले समानता, भाइचारा र मुलुकको समृद्धिका लागि काम गर्न आफ्नो पार्टी प्रतिबद्ध भएर लागिपर्ने बताएका छन् । सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित अध्यक्ष राउतले जनताको अपेक्षा अनुसार आफूले 'डू एण्ड डाई'को मनस्थितिमा काम गर्नुपर्ने अवस्था रहेको पनि स्पष्ट पारेका हुन् ।

शनिबार पार्टीद्वारा काठमाण्डुमा आयोजित एक कार्यक्रममा बोल्दै उहाँले जनताले आफ्नो पार्टीलाई अन्तिम आशाको नजरले हेरेको भन्दै उनीहरूको आशालाई निराश हुन नदिने गरी रातदिन काममा खटिने योजना पनि रहेको जानकारी दिए । उनले भने, 'आगामी दिनमा तपाईंहरुले मलाई यहाँसम्म पुऱ्याई दिनु भयो । तपाईंहरुको पनि काम सिद्धियो भनेर होइन । यो त यात्राको नयाँ मोडको सुरुवात मात्रै हो । यहाँबाट तपाईंहरुको सहयोग झन् बढी चाहिन्छ । अव काम गर्ने बेला आयो । काम गर्ने ठाउँमा पुग्यौं । यतिबेला तपाईंहरुको सहयोग झन् बढी हामीलाई चाहिन्छ । जनताले जुन अपेक्षा हामीसँग राखेका छन्, त्यो अपेक्षा कति ठुलो छ भन्ने तपाईंहरुलाई पनि अनुमान छ । तपाईंहरुले पनि बुझ्नु हुन्छ ।'

आफूलाई कतिपयले अन्तिम आशा समेत भनेकोमा आफूलाई डर लागिरहेको पनि बताए । 'मलाई त्यो शब्द प्रयोग गर्दा एकदम डर लाग्छ । अन्तिम आशा किन खतरनाक लाग्छ भन्दाखेरी हामीले यदि काम गर्न सकेनौ भने के हुन्छ ? अन्तिम आशा तोडियो भने के हुन्छ त ? देश निराशा जान्छ । जनता निराशामा जान्छन्,' उनले थपे, 'त्यो भएर यदि जनताले हामीलाई अन्तिम आशाको रूपमा देखेका छन् भने हाम्रो पनि जिम्मेवारी त्यही स्तरको हुनु पर्दछ । हाम्रो पनि मनस्थिति डू एण्ड डाईको मनस्थितिबाट काम गर्ने हुनुपर्दछ । जनताले जुन अपेक्षा राखेका छन् । त्यो एक जना व्यक्तिले सांसद हुँदैमा, मन्त्री हुँदैमा वा प्रधानमन्त्री हुँदैमा पनि त्यो पूरा हुने होइन । हामी सबै मिलेर जुन सपना हामीले बन्यौं । त्यसको लागि दिनरात काम गर्न सक्यौ भने मात्रै हामी जनअपेक्षामा खरो उत्रन सक्छौं । म तपाईंहरुलाई विशेष आग्रह गर्न चाहन्छु-आगामी दिनमा पनि तपाईंहरुको सल्लाह, सुझाव जे छ, त्यो खुला हृदयले दिनुहोस् । म त्यसलाई लिइराख्छु, सुन्छु । त्यही अनुसार मनन गर्छु । काम गर्छु । र, हामीले कतै पनि बाटो बिराएको खण्डमा तपाईंहरु एकदम निर्धक्क भएर मलाई रोक्नुहोस् । किनभने मलाई बनाएको नै तपाईंहरुले हो ।'

अध्यक्ष राउतले जनताले दिएको सल्लाह र सुझावकै आधारमा आफ्नो पार्टी अघि बढ्ने पनि पटकपटक दोहोऱ्याए । त्यस अवसरमा उनले निर्वाचनमा ठुलो आशा र भरोसाका साथ आफ्नो पार्टीलाई मतदान गरेको भन्दै मतदाताहरूलाई धन्यवाद समेत व्यक्त गरे ।

"अपाङ्गता भएका महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि साझेदारी, न्यायमा पहुँचका लागि एकताबद्ध खबरदारी"

- अपाङ्गता भएका व्यक्तिको सशक्तिकरणको लागि आधुनिक प्रविधिको प्रवर्द्धन गरौं,
- सार्वजनिक विद्युतीय सूचना प्रणालीलाई पहुँचयुक्त बनाऔं,
- अपाङ्गता भएका महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरौं,
- सबै अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सुनिश्चित गरौं ।

३१ औं अन्तरराष्ट्रिय अपाङ्गता दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८